ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

वर्ष २०, अङ्क ३, २०८१ मङ्सिर, पूर्णाङ्क २२३

GAURI MASIK

निरन्तर २२३ औं अङ्क

नीलकण्ठ बाबा धाम

बुटवल ७, दीपनगर, रूपन्देही

ॐ गौः श्रीः शिवौ वेदाः ॥
पुज्य वाचक :
आचार्य चैतन्यकृष्ण ज्यू
रुरु गौसेवा आश्रम
रुरु क्षेत्रधाम, रिडी
तानसेन नगरपालिका-१४, कुसेनी, पाल्पा
श्रीवराहपुराण धान्याचल गो महोत्सव
मिति : २०८१ मङ्सिर २४ देखि ३० गतेसम्म
स्थान : रुरुक्षेत्र धाम, रिडी, तानसेन– १४ कुसेनी
सम्पर्क : ९८५७०६५४४०, ९८४७०२८५२२, ९८४७४९५०२७, ९७६४३२०६६०

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्रविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरू

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुन्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष २०, अङ्क ३, २०८१ पूर्णाङ्क २२३

मङ्सिर २०८१

शनिबार	१	८	१५	२२	२९
आइतवार	२	९	१६	२३	३०
सोमबार	३	१०	१७	२४	गौरी
मङ्गलबार	४	११	१८	२५	गौरी
बुधबार	५	१२	१९	२६	गौरी
बिहीबार	६	१३	२०	२७	गौरी
शुक्रबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

जनमेजयको सर्पयज्ञ

तक्षकद्वारा आफ्ना पिताको मृत्यु भएको कुरा सुनेर जनमेजय रिसले आगो भए । पिताको मृत्युको बदला लिन उनले ब्राह्मणहरूलाई अग्निकुण्डमा सर्पहरूको हवन गर्न आज्ञा दिए । ब्राह्मणहरूले सर्पयज्ञको आरम्भ गरे, तर जनमेजयले थाहा पाए कि तक्षकले इन्द्रको शरण लिएको छ अनि उनले इन्द्रसमेत तक्षकलाई हवनकुण्डमा आवाहन गर्नका लागि आज्ञा दिए । आवाहन गरेर आहुति दिनासाथ इन्द्र तक्षकका साथ स्वर्गबाट खस्न थाले । अनि देवगुरू बृहस्पतिले जनमेजयलाई भने– नरेन्द्र ! अमृतपान गरेको तक्षकलाई हवनकुण्डमा जलाउनु तपाईंलाई शोभा दिँदैन । त्यो तपाईंका पिताको मृत्युको निमित्त मात्र हो । तर मृत्यु त निमित्तहरूले नै हुन्छ । सबै प्राणी आआफ्ना कर्मानुसार नै गति पाउँछन् । तपाईंले प्रतिशोधका भावनाको वशमा भएर सर्पहरूको जुन हत्या गर्नुभयो, यो उचित छैन । अब तपाईं यसलाई बन्द गर्नुहोस् ।

बृहस्पतिको यो हितकारक सल्लाहले जनमेजयले सर्पयज्ञ बन्द गराए । अनि उनले देवगुरू बृहस्पतिको विधिपूर्वक पूजा गरे ।

सूतजी भन्नुहुन्छ– ऋषिगण ! तपाईंहरू यो बुझ्नुहोस् कि जेजति थियो अथवा हुनेछ, त्यो एक मात्र परमपुरूष परमेश्वरको माया हो । यस कारण परमात्माको नै प्रतिक्षण चिन्तन गर्दै रहनुपर्छ । यही विद्वान्हरूको मत हो । अब म भगवान् श्रीकृष्णलाई नमस्कार गरेर महापुराण समाप्त गर्छु । तपाईंहरूले यस भागवत कथालाई भक्तिभावले सुन्नुभयो । जुन मानिसले श्रद्धाभक्तिपूर्वक यस पुराणका कथालाई पारायण गर्लान्, तिनीहरू भवसागरबाट विनाकुनै प्रयासले पार भइहाल्नेछन् ।

अठार पुराणका श्लोकहरूको सङ्ख्या

सूतजीले भन्नुभयो– शौनकजी ! अब पुराणहरू र तिनमा रहेका श्लोकहरूको सङ्ख्या सुन्नुहोस् –

(१) ब्रह्मपुराणमा दस हजार ।
(२) पद्मपुराणमा पचपन्न हजार ।
(३) विष्णुपुराणमा तेईस हजार ।
४) शिवपुराणमा चौबीस हजार ।
(५) श्रीमद्भागवतमा अठार हजार ।
(६) नारदपुराणमा पच्चीस हजार ।
(७) मार्कण्डेयपुराणमा नौ हजार ।
(८) अग्निपुराणमा पन्ध्र हजार चार सय ।
(९) भविष्यपुराणमा चौध हजार पाँच सय ।
(१०) ब्रह्मवैवर्तपुराणमा अठार हजार ।
(११) लिङ्गपुराणमा एघार हजार ।
(१२) बराहपुराणमा चौबीस हजार ।
(१३) स्कन्दपुराणमा एकासी हजार एक सय ।
(१४) वामनपुराणमा दस हजार ।
(१५) कूर्मपुराणमा सत्र हजार ।
(१६) मत्स्यपुराणमा चौध हजार ।
(१७) गरूडपुराणमा उन्नाइस हजार ।
(१८) ब्रह्माण्डपुराणमा बाह्र हजार ।

यसरी सबै मिलाई श्लोकसङ्ख्या चार लाख छन् । यस अलौकिक आनन्ददायिनी भागवतकथालाई सुनेर शौनकादि ऋषिहरूले भक्तिभावपूर्वक महर्षि सूतजीको पूजा गरे । त्यसपछि सूतजी आफ्नो आश्रममा जानुभयो । ❖

मङ्सिर महिनाका पर्व तथा विदा

१ गते वृश्चिक सङ्क्रान्ति
४ गते मङ्गल चौथी व्रत
८ गते गोरखकाली पूजा
११ गते उत्पतिका एकादशी व्रत
१३ गते प्रदोष व्रत
१५ गते बाला चतुर्दशी व्रत (शतबीज छर्ने)
१७ गते गढीमाई मेला प्रारम्भ
१८ गते अन्तर्राष्ट्रिय अपाङ्ग दिवस (विशेष क्षमता भएका कर्मचारीलाई मात्र)
२१ गते विवाह पञ्चमी/षडानन्द जयन्ती
२३ गते रविसप्तमी व्रत/गोरखकाली पूजा
२६ गते मोक्षदा एकादशी/गीता जयन्ती
२८ गते प्रदोष व्रत
२९ गते पूर्णिमा व्रत, दत्तात्रेय जयन्ती
३० गते धन्यपूर्णिमा, उधौली पर्व

सम्पादकीय

बलिको विकल्प खोजने कि !

हाम्रा धार्मिक ग्रन्थहरूमा देवताका उपासना गर्ने सात्विक, राजसी र तामसी गरी तीन प्रकारका विधिहरू उल्लेख गरिएका छन् । खासगरी तामसी पूजा तन्त्र विद्यासँग सम्वन्धित छ । तामसी पूजामा विभिन्न पशुपक्षीको बलि दिइने परम्परा समेत रहेको छ ।

यस वर्षको मङ्सिर महिनामा विश्वकै सबैभन्दा बढी बलि दिइने मेला 'गढीमाई मेला' सञ्चालन भइरहेको छ । बाराको सदरमुकाम कलैयाबाट ८ किलोमिटर दुरीमा रहेको; ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक दृष्टिकोणले समेत महत्वपूर्ण 'गढीमाई भगवती मन्दिर' परिसरमा प्रत्येक पाँच वर्षमा मङ्सिर शुक्ल पक्षभर यो मेला लाग्ने गर्दछ । किंवदन्ती अनुसार बरियापुरका भगवान् चौधरी भनिने व्यक्तिले करिव आठ सय वर्ष अगाडि यो मन्दिरको स्थापना गरेका हुन् भन्ने भनाइ छ । यस मेलामा नेपाल र भारतका गरी लाखौं पशुपक्षीको बलि दिने गरिन्छ ।

पशुबलिको विषयमा अहिले समाजमा मत विभेद रहेको पाइन्छ । खासगरी पशुअधिकारकर्मीहरूले त पशुबलि निषेधका विभिन्न सचेतनामुलक कार्यक्रमहरू समेत गर्दैआएका छन् । पशुबलिलाई प्रतीकात्मरूपमा बुझ्नुपर्ने उनीहरूको तर्क छ । पशुबलि मानवभित्रकै पशुत्व भावनाको बलि अर्थात् त्याग हो भन्दै कामुकता, अहंकार, इर्श्या लगायतका पशुस्वभाव त्याग्न सके वास्तविक बलिको पालना गरेको ठहरिने उनीहरूको भनाइ छ ।

शास्त्रमा बलिका प्रावधान भए पनि प्रकृया ज्यादै जटिल छ । वर्तमान परिवेशमा जो पायो त्यहीले उक्त प्रकृया पूरा गर्न सक्दैन । भनाइ पनि छ, जसले मार्दछ, उसले बचाउन पनि सक्नु पर्दछ । कलिकालमा त्यो सम्भव देखिन्न । त्यसैले बलि दिनुनै पर्ने अवस्था छ भने पूर्णतया शास्त्रीय विधिविधानको मर्यादामा रहेर दिऔं होइन भने पशुबलिको विकल्प खोजौं, विधि नपुऱ्याई गरिने बलिले सकारात्मकभन्दा नकारात्मक प्रभाव पार्न सक्दछ । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

नेपाल आमाप्रति.... मुकुन्द शर्मा, चालिसे ४

गीताज्ञान

कर्मयोग आचार्य खेमराज केशवशरण ५

अध्यात्म

अन्तरालमा ब्रह्मतत्त्व... प्रा. शिवगोपाल रिसाल ७

आध्यात्मिक वार्ता

पूरा मुख्तीयारी देऊ श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ९

समसामयिक

विष्णुप्रिया: तुलसी सह प्रा. डा. विनुबाबा अर्याल ११

महिमा

कृष्णागण्डकी वेदप्रसाद पन्त १५

पौराणिक पात्र

दिव्यचरित्र हिडिम्बा डा. कान्ता भट्टराई १९

देश-दर्शन

श्रीनीलकण्ठ बाबा धाम भागवतश्री न्यौपाने २३

पर्व विशेष

बालाचतुर्दशी पर्व २६

पुस्तक अंश

देवघाटधाम तथा...... प्रा. हरिप्रसाद अधिकारी २७

समीक्षा

गौरी मासिक पूर्णाङ्क २२२..... गोकुल अधिकारी ३०

गतिविधि ३४

नेपाल आमाप्रति कृतज्ञता

– मुकुन्द शर्मा, चालिसे

हाम्रा लागि दियौ हिमालय, उँभो ताक्ने सहारा दियौ
मैदानी सुविधा, पहाड विविधा, सौन्दर्यधारा दियौ ।
चोखो वायु दियौ, मिठो जल दियौ माटो दियौ उर्वर
राम्रो भूमि दियौ र कर्मठ हुने आस्था दियौ सुन्दर ॥

हामीभित्र उमार्न रागरमिता लाली र धूपी दियौ
चाल्नै पङ्ख विकासका रहरिला डाँफे र रूपी दियौ ।
रक्षानिम्ति दियौ अनेक पहरा, आग्लो सरि द्वारका
हल्लाएर नहल्लिने हृदयका नाता दियौ प्यारका ॥

मान्छेको मुटुका फुकाल्न मुटुरा ज्ञानी दियौ गौतम
नारी जाति जगाउने श्रुतिपरा गार्गी दियौ उत्तम ।
सच्चा भक्ति सिकाउने विगतमा सच्चा दियौ भक्ति रे
साँच्चै पूर्णमदः भएँ जननि हे सच्चा दियौ शक्ति रे ॥

नौला भाव दियौ, नवीन कविता मैले सिँगार्ने भएँ
नेपाली घरमा शशी र सविता ऐले उतार्ने भएँ ।
जारी राख्नु छ तालमा सुर दिने साहित्यको साधना
आफैभित्र हुने कलामय जुनी हो भाग्य–सम्भावना ॥

सेवाभाव, परोपकार गुणको राम्रो दियौ चिन्तन
सङ्लो स्नेह, दया, स्वधर्महितमा विश्वास गर्ने गुण ।
तिम्रा उच्च विचारले हृदयमा सिर्जेर अर्कै धुन
प्रेमोद्‌गार बहारसाथ म दिऊँ साहित्यको गुञ्जन ॥❖

–बुढानीलकण्ठ– ४ कैलाशकुञ्ज

गीता तृतीय अध्याय

कर्मयोग



–आचार्य खेमराज केशवशरण

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

अन्वयः अनेन देवान् भावयत ते देवाः व भावयन्तु । परस्परं भावयन्तः परं श्रेयः अवाप्स्यथ ।

सरलार्थः यो यज्ञद्वारा देवताहरूलाई प्रसन्न पार । ती देवताहरूले तिमीहरूलाई प्रसन्न पारून् । यसरी परस्पर सद्भावना राखेमा तिमीहरूलाई परम कल्याण प्राप्त हुनेछ ।

भावविशारदाः स्वयं अंशरूप देवताहरूले अंशी सर्वेश्वर यज्ञ भगवान्‌को आराधना गरेको कुरा माथि उल्लेख भइसकेको छ । यो सम्पूर्ण विश्व ब्रह्माण्ड विभिन्न देवशक्तिहरूद्वारा परिचालित छ । मानिसलाई जीवनयापन गर्न नभई नहुने अनेकौं प्रकृतिदत्त वस्तुहरू यहाँ छन् । खुला आकाश, हावा, पानी, चन्द्र, सूर्य, अग्नि, पृथ्वी यी सबै मानवीय सिर्जनाको क्षेत्रमा पर्न नसक्ने इश्वरीय सृजना हुन् र पूर्ण परब्रह्म परमात्मा सर्वेश्वर श्रीहरिको निर्देशन अनुसार यी सबैको सञ्चालनमा लागि आफ्ना अंशस्वरूप विभिन्न देवशक्तिहरूलाई यी प्रकृतिदत्त वस्तुहरूका अधिष्ठात् देवताका रूपमा सर्वेश्वर श्रीहरिले जिम्मा सुम्पनुभएको छ ।

वैदिक धर्ममा अंश रूपमा विभिन्न देवताहरूको प्रतिपादन गरिएको भए तापनि अंशी रूपमा एउटै पूर्ण परब्रह्म परमात्माको गरिमा बताइएको छ जसलाई विश्वम्भर, विश्वात्मा, सर्वेश्वर आदि नामले प्रतिपादित गरिएको छ । जुनसुकै अंशरूप देवताको उपासना अथवा अर्चना गरे पनि अन्ततः उनै पूर्ण परब्रह्म परमात्मा श्रीहरिको उपासना हुने कुरा बताइएको छ । जसरी आकाशबाट झर्ने समस्त जलधाराहरू अन्त्यमा महासागरमै पुग्दछन् त्यस्तै गरी जुन सुकै देवताको अर्चना अथवा उपासना गरे पनि अन्त्यमा त्यो सर्वेश्वर श्रीहरिमै पुग्दछ । त्यसैले ती विविध देवशक्तिहरूको कृतज्ञ हृदयले सम्मानपूर्वक अर्चना गर्ने प्रेरणा यहाँ दिइएको छ ।

यस श्लोकको उत्तरार्धमा भनिएको वाक्यले देवताहरूले पनि तिमीहरूलाई सन्तुष्टि दिउन् भन्ने आशय व्यक्त गरेको छ । यसबाट यस्तो अर्थ सम्झनु हुन्न कि पहिले देवताहरूले केही गरिदिउन् अनि तिनीहरूको पूजा अर्चना गर्नु । यो अवको प्रकरणमा आएको छ र अनासक्त मनले ईश्वरार्पण बुद्धिले गरिने कर्म मात्र यज्ञ बन्न सक्ने हुनाले– तं देवा भावयन्तु व भन्ने श्लोकांशबाट उपयुक्त तरिकाले गरेमा देवताहरू त प्रसन्न हुन्छन् नै तिमीहरू त्यस्तै गर्न सक्ने होउन् देवताहरू तिमीहरूमाथि कृपा राख्ने बनून् भन्ने यसको आशय हो । यसरी देवशक्तिहरूलाई रिझाउन सक्ने गरी यज्ञभावनासाथ अनासक्त मनले कर्म गर्नेहरू परम कल्याणका भागी हुन्छन् । परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ भन्ने बाक्यबाट यही बुझ्नु पर्दछ ।

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ।१२।

अन्वयः यज्ञभाविताः देवाः वः इष्टान् भोगान् हि दास्यन्ते । तै दत्तान् सभ्यः अप्रदाय यः भुक्ते स स्तेन एव ।

सरलार्थः यज्ञ भावनाद्वारा सम्मानित गरिएका देवशक्तिहरूले तिमीलाई चाहिने भोग्य वस्तुहरू प्रदान गर्दछन् । तिनीहरूले दिएका ती भोग्य वस्तुहरूलाई उनीहरूप्रति अर्पण नगरी जो भोग गर्दछ त्यो चोर नै हो ।

भावविशारदाः पृथिवी, आकाश, हावा, पानी, चन्द्र, सूर्य र अग्निबाट प्राप्त हुने आधार खुला जीवन, पोषण, ऊर्जा र प्रकाश एवम् तापमान जस्ता कुरा मानिसलाई यिनै देवशक्तिहरूबाट प्राप्त हुने गर्दछ । सर्वेशवर भगवान् श्रीहरिका निर्देशपालक यी देवशक्तिहरू कसैले माने पनि नमाने पनि जगत्‌को हितमा सधैं समर्पित रही यज्ञको सम्पादनमा सहयोगी बनिरहन्छन् । यी देवशक्तिहरूप्रति कृतज्ञ मनले सद्भाव राख्दा उनीहरूको विशेष दृष्टि पनि रहन्छ र जीवात्मा, कृतज्ञताले उऋण बन्दै उनीहरूको

प्रसन्नताबाट प्राप्त हुने सद्बुद्धि र सद्भावनाबाट लाभान्वित बन्दै जीवनमा सफलताको शिखरमा चढ्न सक्षम हुन्छ । देवाराधनाको सर्वोपरि सद्बुद्धिको प्राप्तिलाई बताइएको छ । शास्त्रहरूले भनेका छन्– देवताहरू गोठालाले गाइवस्तुलाई हातमा लौरो लिएर हाँके झैँ हाँकिहिड्दैनन् । जसमाथि अनुग्रह गर्न चाहन्छन् त्यसलाई सद्बुद्धिद्वारा विभूषित तुल्याइदिन्छन्–

न देवा यष्टिमादाय रक्षन्ति पशुपालवत् ।

यस्यानुगूहमिच्छन्ति बुद्ध्या संयोजयन्ति तम् ।

जसलाई सद्बुद्धि प्राप्त भयो त्यो आफूसँग भएका हरेक वस्तुको केवल सदुपयोग गर्दछ, दुरूपयोग हुन दिंदैन । समयको सदुपयोग, श्रमशक्तिको सदुपयोग, धनको सदुपयोग, बलको सदुपयोग । यसरी सदुपयोगको चेतना भएको मानिस स्वयं समृद्धिको बाटोमा हुन्छ । सुखमय, समृद्धिमय, शान्तिमय जीवन त्यस्तैलाई प्राप्त हुन्छ । देवशक्तिहरूप्रति पराङ्मुख रही यिनीहरूप्रति सद्भावना नराखी जीवनमा प्राप्त सुविधाहरूको आफूमात्र एकलौटी उपभोग गर्ने मानिस चोर सरह हुन्छ र उसले सजायको भागी नबनी घर पाउँदैन । यी विभिन्न देवशक्तिहरू सर्वशक्तिका केन्द्रविन्दु भगवान् वायुदेवकै विभिन्न विभूतिहरू हुन् । तिनीहरूप्रति कृतज्ञ रही तिनको श्रद्धा साथ अर्चना गर्दै तिनलाई उचित सम्मान गर्‍यो भने उऋण बन्ने सुअवसर प्राप्त हुन्छ ।

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।

भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ।१३।

अन्वयः यज्ञशिष्टाशिनः सन्तः सर्वकिल्विषै मुच्यन्ते । ये आत्मकारणात् पश्यन्तिते पापाः तु अधं भुञ्जते ।

सरलार्थः यज्ञको भावनाले ती देवशक्तिहरूलाई पनि अर्पण गरेर बाँकी रहेकाबाट जसले आहारादि गर्दछन् ती सबै कल्मसबाट मुक्त हुन्छन् । जो चाहिँ आफ्नो पेट भर्ने मात्र लक्ष्य राखेर खाने कुरा पकाउँछन् ती पापात्माहरू गाँस गाँसमा पाप खाइरहेका हुन्छन् ।

भावविशारदाः मनुष्य जीवनलाई भावनापूर्ण सुखी बनाइराख्न शास्त्रहरूले विभिन्न यज्ञहरूको व्यवस्था गरेका छन् । देवयज्ञ, ऋषियज्ञ, पितृयज्ञ, मनुष्ययज्ञ, भूतयज्ञ । यी सामान्य गृहस्थ जीवनका निम्ति कर्तव्यका रूपमा पञ्च महायज्ञ हुन् । प्रतिदिन भगवान्को पूजा, अर्चना, आरति, स्तुति, वन्दना, होम आदि गर्नु देवयज्ञ हो । प्रतिदिन वेद, उपनिषद्, रामायण, महाभारत, भागवतादि पुराणहरू र यस्तै धर्मग्रन्थहरूको केही नकेही अंशको पाठ पारायण गर्नु ऋषियज्ञ हो । घरमा आएका अभ्यागत अतिथिहरूको श्रद्धासाथ स्वागत सत्कार गर्नु मनुष्ययज्ञ हो । आफ्ना पिता पुर्खाहरूप्रति कल्याण कामना गरेर श्राद्ध, तर्पण आदि गर्नु पितृयज्ञ हो । अनि आफूसँग भएको खानेकुराहरूबाट प्राणी मात्रको भलो चिताइ पशुपक्षीलाई पनि केही दिने गर्नु भूतयज्ञ हो । यी पञ्च महायज्ञहरू प्रत्येक गृहस्थका निम्ति कर्तव्य मानिएका छन् ।

पञ्चयज्ञका अतिरिक्त द्रव्ययज्ञ (दान परोपकार आदि) तपोयज्ञ, यागयज्ञ, स्वाध्याययज्ञ, ज्ञानयज्ञ, जपयज्ञ आदि अनेकौं यज्ञहरूको विधान शास्त्रले गरेका छन् । यसरी यी यज्ञहरू सम्पन्न गरेर सर्वेश्वर भगवान् वासुदेव तथा उहाँका विभूतिहरूको सेवामा लगाई बाँकी बचेका खाद्य, पेय पदार्थहरूलाई प्रसादको भावनाले ग्रहण गर्ने गर्‍यो भने त्यसबाट मानिसको जीवन पवित्र हुन्छ । भगवान्प्रति उऋण बनी उत्तम अवसर मानिसलाई प्राप्त हुन्छ । नत्र परमात्माकै कृपाबाट बनेका धरती, हावा, पानी, चन्द्र, सूर्य आदि पदार्थहरूबाट छिनछिन पलपल उपकृत बन्दै जिउने प्राणीले उहाँप्रति कृतज्ञ बन्ने भावना नै नराखी यसै संसारका वस्तुहरूको उपभोग गर्ने गर्‍यो भने कृतघ्नताको ठूलो दोष लाग्दछ ।

त्यसैले त्यसरी भावनाशून्य रूपमा सृष्टिका स्वमीलाई नै बिर्सी उपभोग गरिने वस्तुहरूका गास गासमा पाप खाइन्छ । भगवान्प्रति भक्त भावना राखेर प्रसादका रूपमा उपभोग गर्दा प्रत्येक वस्तु अमृतमय बन्दछ । भक्तिविहीन मनले प्रभुलाई बिर्सेर वस्तुहरूको उपभोग गर्दा चाहिँ गास गासमा दोषमय बन्न पुग्दछ । त्यसैले भोजनको प्रत्येक गासलाई अमृतमय बनाउने सल्लाह यस श्लोकमा दिइएको छ । विकृतिग्रस्त भौतिक परिवेसको प्रदूषणबाट मुक्त बनेर आत्मानुभूतिको पथमा अग्रसर बन्ने प्रज्ज्वल आध्यात्मिक चेतनाको निम्ति यो एउटा अमोघ उपाय हो । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

अन्तरालमा ब्रह्मत्त्मको अनुभव



-प्रा. शिवगोपाल रिसाल

अन्तराल भनेको यता पनि नभएको उता पनि नभएको बीचको भाग हो, खाली ठाउँ हो । एकको अन्त भयो, अर्काको आरम्भ भएकै छैन, त्यो हो अन्तराल । जान्नुको अन्त भयो, नजान्नुको अनारम्भ स्थिति- अन्तराल। वेदान्त यही हो । वेदान्तले ब्रह्मको अनुभव गराउँछ । एउटा देश, एउटा काल र एउटा वस्तुको अन्त भयो । अर्को देश, अर्को काल र अर्को वस्तुको आरम्भ नै भएको छैन । यही हो अन्तराल– यहीँ नै ब्रह्मको अनुभव हुन्छ । ब्रह्म देश, काल वस्तु सापेक्ष होइन । यो त नितान्त निरपेक्ष, निर्गुण, निराकार, निस्प्रपञ्च, निरवच्छिन्न अवस्थाविशेषमा उपलब्ध हुने भएकाले यसले कसैको कुनै कुराको पनि अपेक्षा गर्दैन । यसको अनुभव गर्नका लागि आफ्नै हृदयमा, हृदयिशमा, हृदयाराकाशमा कुनै पनि वस्तु नराखी रित्तो, खाली बनाउनु पर्छ । संक्षेपमा भन्नुपर्दा खालीमा, आकाशमा, अवकाशमा अर्थात् अन्तरालमा ब्रह्मको अनुभव हुन्छ ।

अन्तरालको व्युत्पत्ति यसरी भएको छ– अन्तरा मध्यं लाति। अन्तरा+ला+क[1] यसको अर्थ हो– मध्यदेश, अभ्यन्तर ।

उदेति भानुर्गगनान्तराले। (पद्ममाला)

१ हतायुधकोश, विवृत्ति सहित पृ. १२०

योगवासिष्ठ महारामायणको निर्वाण प्रकरणको पूर्वार्धमा एउटा मीठो प्रसङ्ग आएको छ– 'भुशुण्डोपाख्यान' को ।

धरतीमा सबभन्दा चिरञ्जीवी को छ ? भन्ने प्रश्नको उत्तरमा आयो– नील पर्वतमा एउटा ठूलो रूखको हाँगामा एक भुशुण्ड नाम गरेका काग बस्तछन् । उनी महाबुद्धिनान्, महाधीमान्, महाश्रीमान् छन् । त्यस पहाडको जङ्गलको रूखमा बस्ने ती काग बसेको कल्प कल्प भइसक्यो । तिनी महातेजसी, ज्ञानी र सबभन्दा दीर्घजीवी छन् । उनी बस्ने कल्पवृक्ष पनि उत्तिकै दीर्घजीवी छ ।

यस्तो कल्पवृक्षको एक हाँगामा बसेका भुशुण्डीको दर्शन गर्न भनी ब्रह्मर्षि वसिष्ठ त्यहाँ पुग्नुभयो । कुशलमङ्गल वा सामान्य शिष्टाचारपछि वसिष्ठले तपाईं यस्तो कल्पन्तजीवी हुनुको कारण के हो भनी सोध्दा भुशुण्डी भन्नुहुन्छ– म प्राण र अपानको अनि अपान र प्राणको अन्तरालमा बसेको छु । प्राण सूर्य हो र अपान चन्द्रमा हो । सूर्यास्त भयो चन्द्रोदय भएको छैन, त्यहाँ अत्यन्त सूक्ष्म अन्तराल छ । त्यहाँ ब्रह्मको मात्र अनुभव छ । त्यही अनुवभमा बसेको हुनाले मेरो मृत्यु भएको छैन, हुँदैन पनि । प्राण बाहिर निस्कदा बाह्र अंगुल परसम्म जान्छ र त्यहाँबाट अपान वायु आउन नपाउँदैमा, खाली ठाउँ छ । त्यसलाई बाह्यकुम्भक भन्दछन् म त्यहीं उड्छु र ब्रह्मानुभव गर्दछु । त्यसैगरी अपान भित्र पस्यो, प्राण बाहिर निस्कन पाएको छैन, त्यहाँ अन्तरकुम्भक भएको छ । म त्यहीँ अड्छु र ब्रह्मानुभव गर्दछु । यसरी अन्तर र बाह्य कुम्भकमा ब्रह्मानुभव गर्दा गर्दै मेरा कति कल्प बिते कति । यो अन्तराल नै मेरा लागि सहज समाधि बन्यो । अन्तराल भनेको शुद्ध चिदाकाश हो । त्यहाँ केवल ब्रह्ममात्र विद्यमान छ । त्यसमा मन स्थिर भएर बसेपछि फेरि जन्म र मरणको चक्करमा पर्नुपर्दैन । प्राण र अपानको चिन्तनबाट आत्मप्रकाशको उदय हुन्छ । त्यसको परिणामले अज्ञानरूपी अन्धकार नष्ट हुन्छ र जीव मुक्त हुन्छ । प्राण र अपानको सन्धिमा साक्षीतत्त्वको अनुभव हुन्छ त्यो नै ब्रह्मतत्त्व हो । त्यसरी आफ्नै हृदयभित्र अन्तरालमा ब्रह्मानुभव गर्नु कुनै कठिन कार्य होइन ।

ज्ञानश्रुति राजालाई रैववले पनि यस्तै संवर्ग विद्याको उपदेश दिएर राजा कृतकृत्य भएका थिए । यसरी अन्तरालमा बस्ताबस्तै भुशुण्डी भन्नुहुन्छ– वाल्मीकिले बाह्र पटक रामायण बनाएको, वेदव्यासले दुई पटक महाभारतको निर्माण गरेको । सात पटक व्यासले अवतार लिएको, बाह्र पटक रामावतार भएको, सोह्रपटक कृष्णावतार भएको मलाई सम्झना छ । तर हे मुनीश्वर ! यो सारा भ्रममात्र हो, केही पनि उत्पन्न भएकै छैन । आत्मामा मन फुरेपछि नाना सृष्टिभ्रम देखापर्छ । यिनको कुनै पारमार्थिक सत्ता

छैन । यो जगत् सत्य होइन अनि असत् पनि होइन किन्तु भ्रमरूप हो, मिथ्या हो । देखिन्छ तर छैन ।

घटाकार वृत्ति गयो पटाकारवृत्तिको उदय भएको छैन, बीचमा अन्तराल छ । त्यहाँ आफू छ, आत्मा छ, ब्रह्म छ । त्यस्तै जाग्रत् गयो स्वप्न आएको छैन, स्वप्न गयो सुषुप्ति भएको छैन, अनि सुषुप्तिबाट जाग्यो, जाग्रत्को अनुभव भएको छैन, त्यहाँ अत्यन्त सूक्ष्म अन्तराल छ हो त्यसैमा ब्रह्मानुभव हुन्छ । राममा 'रा' गयो 'म' आएको छैन बीचमा अन्तराल छ । यसैगरी सर्वत्र अन्तरालको विचार गरेका खण्डमा ब्रह्मदर्शन गर्न अत्यन्त सजिलो हुन्छ । यो आफ्नै हृदयमा आफ्नै दहराकाशमा हुने अनुभव हो । बाहिरको दृष्टान्त लिएर भित्र अनुभव गर्नुपर्छ । हामी त्रिकाल सन्ध्या भन्दछौं । यो पनि अन्तरालमा बस्ने अभ्यास हो । दिन गयो रात आएको छैन, रात गयो दिन आएको छैन । त्यस्तै प्रात-सन्ध्या, मध्यान्ह सन्ध्या, सायंकालीन सन्ध्या आदिमा हामी गायत्रीको उपासना गर्दछौँ- यो पनि ब्रह्मदर्शन नै हो । भृकुटीमा ध्यान गर्नु भनेको पनि अन्तरालमा नै ध्यान गरेको त हो नि । एउटा विकल्प गयो अर्को विकल्प आएको छैन, निर्विकल्प भइहाल्यो नि । यही हो सहज समाधि । अजपा गायत्रीमा पनि सोऽहम् मा स र अहम्का बीचमा ब्रह्ममात्र छ । यसरी हरक्षण हरपलमा ब्रह्मदर्शन हुन्छ, विचार गरेको खण्डमा ।

सुखाकारवृत्ति गयो दुःखाकार आएको छैन यहाँ पनि अन्तराल छ । यसरी सर्वत्र अन्तरालको अनुसन्धान गरे सर्वत्र ब्रह्मदर्शन, ब्रह्मानुभव हुन्छ । हाम्रो पुरूषार्थ नै ब्रह्मानुभव गर्नु नै हो । यसैमा हाम्रो कल्याण छ ।

कुनै प्रकारको पनि सुखानुभव हुन्छ अन्तरालमा नै । काम गर्दा-गर्दा थकाइ लाग्यो, विश्राम गर्नुभयो- सुखानुभव भयो । त्यो अन्तराल हो- सुखको अनुभव हुने ठाउँ । चित्त चलेन, सुख भयो । खान मन लाग्यो, भोक लाग्यो दुःख भयो । राम्रो, मीठो भोजन (सात्विक) गरियो, चित्त चलेन सुखको अनुभव भयो । अब लेख-पढ गर्न या अन्य कुनै काममा लाग्नुभयो । काममा सफलता मिल्यो, चित्त चलेन । सुखको अनुभव भयो । काममा सफलता मिलेन भने चित्त ज्यादा चल्यो, दुःखानुभव भयो । चित्त नचलेको अवस्थालाई अन्तराल भन्दछन् ।

भगवान्को चिन्तन भयो- चित्त चलेन आनन्दको अनुभव । कारण अन्तरालमा पुग्यो । जप गर्नुभयो, चित्त चलेन- अन्तरालमा पुग्नुभयो-आनन्दको अनुभव भयो- यही हो ब्रह्मानुभव भनेको पनि । ध्यानमा बस्नुभयो-चित्त चलेन, आनन्दको अनुभव ब्रह्मानुभव भयो । यसैगरी समाधिमा पग्नु भयो- चित्त पटक्कै चलेन, निर्विकल्प समाधि आनन्दै- आनन्द- ब्रह्मानन्द । हो यही हो अन्तरालमा ब्रह्मको अनुभवको वास्तव स्वरूप र स्वभाव । ज्ञानी सदा अन्तरालमा बसेका हुन्छन् अर्थात् नचिताएर ननिदाएर आनन्दसँग- ब्रह्मको अनुभव गरेर । अब स्पष्ट भयो अन्तराल भनेको आफूमात्र भएको चित्तको चलन क्रिया नभएको शान्त अवस्था । जाग्रतमा सुषुप्तिको अनुभव गर्नु भनेको पनि यही हो । आफू जागा छ चित्त अचल, शान्त छ । बस काम बन्दा आनन्दै आनन्द । ज्ञानप्राप्त महापुरूष आनन्दै आनन्द खाएर बाँचेका हुन्छन् । उनीहरू सदा अन्तरालमा व्यस्त हुन्छन् । यसलाई अन्तराल दर्शन भनिदिए पनि हुन्छ ।

वैज्ञानिकहरूले विज्ञानको आविष्कार गरे- अन्तरालमा पुगेर । विषयी कामुकहरूले कामसुख भोगे अन्तरालमा पुगेर । हरेक सुख वा आनन्द हुन्छ, अन्तरालमा मात्र चलनमा छैन, स्थगनमा । स्थगन भनेको अन्तराल हो । अब हामी अन्तरालमा पुगौं र ब्रह्मानुभव गरौं । यसैमा हाम्रो कल्याण छ ।❖

-भैसेपाटी, ललितपुर

सूचना !

जन्म, विवाह, वसाइसराई, सम्वन्धविच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाण पत्र लिने गरौं ।

कामपा वडा नं. २१
टेवहाल, काठमाडौं

सिंतीको ब्राह्मसमाजमा

–श्री महेन्द्रनाथ गुप्त श्री 'म'

पूरा मुख्तीयारी देऊ

त्रैलोक्य– महाराज, यिनीहरूलाई समय कहाँ छ र ? अङ्ग्रेज मालिकहरूको जागिर खानुपर्छ ।

श्रीरामकृष्ण– अँ, त्यसो भए उहाँ (ईश्वर) लाई पूर्ण मुख्तीयारी देऊ । एउटा असल मानिसमाथि कसैले पूरा विश्वास राखेर भर गर्छ भने त्यो मानिसले कहिल्यै उसको कुभलो गर्छ ? त्यस्तै ईश्वरलाई हृदयदेखि नै सम्पूर्ण भार दिई निश्चिन्त भएर बस । उहाँले जो काम गर्न दिनुभएको छ, तिमी त्यही गर्दै जाऊ ।

"बिरालोको बच्चामा हिसाबी, कपटी बुद्धि हुँदैन । ऊ म्याउँ-म्याउँ गरेर आमालाई बोलाउन मात्र जान्दछ । आमाले खण्डहरमा राखिदिए पनि त्यहीँ रहन्छ, त्यहीँ खाली म्याउँ-म्याउँ मात्र गर्छ । आमा जब गृहस्थको नरम बिछ्यौना राख्छे, तब पनि बच्चाको त्यस्तै भाव छ, ऊ कोही जान्दैन, खालि म्याउँ मात्र गरेर आमाचाहिँलाई बोलाइरहन्छ ।

सबजज– हामी गृहस्थ हौँ, कहिलेसम्म यी संसारी कामहरू गरिरहनुपर्ला ?

श्रीरामकृष्ण– तिमीहरूको कर्तव्य अवश्य छ । त्यो हो, आफ्ना सन्तानहरूलाई हुर्काउनु, योग्य बनाउनु, पत्नीको भरणपोषण गर्नु, आफैँ नरहँदा परिवारको रोटी–कपडा आदिको केही जगेर्ना गरिदिनु । यति गरेनौ भने तिमीलाई निर्दयी भन्नुपर्छ । शुकदेव आदि जस्ताले त दयाको भाव राखेका थिए । जसमा दया छैन, त्यो मनुष्य नै होइन ।

सबजज– सन्तानको पालनपोषण कहिलेसम्म गर्नुपर्ने हो ?

श्रीरामकृष्ण– उनीहरू बालिग नबनेसम्म । चराको बचेरो ठूलो भएर जब आफ्नो भार आफैँ लिन सक्छ, तब त्यसकी आमा पछि आफूकहाँ आउँदा ठुङ्छे, नजिक आउन दिन्न । (सबै हाँस्छन् ।)

सबजज– स्त्रीप्रति के कर्तव्य हुन्छ ?

श्रीरामकृष्ण– जबसम्म तिमी बाँचिरहेका छौ, धर्मोपदेश दिँदै गर्नु, रोटी–कपडा पुऱ्याउँदै जानु ।

यदि उनी सती छन् भने तिम्रो मृत्युपछि खाने–बस्ने कुनै न कुनै व्यवस्था होस्, यस्तो बन्दोबस्त तिमीले गरिदिनुपर्छ ।

"तर ज्ञानोन्माद भएपछि त कुनै कर्तव्य रहन जान्न । त्यसबखत भोलिको लागि यदि तिमीले न सोचे, ईश्वरले सोच्नेछन् । ज्ञानोन्माद भएपछि तिम्रो परिवारका लागि पनि ईश्वरले नै सोच्नेछन् ।

यदि कुनै जमिनदार आफ्ना नाबालख छोराहरू छोडेर मरेको छ भने सरकारले उसको जमिनदारी अथवा रियासतको काम सम्हालिदिन्छ । यी सबै कानूनी कुराहरू हुन्, तिमीले त जानिहालेकै छौ ।"

सबजज– अँ, हजुर ।

विजय गोस्वामी– आहा ! आहा ! कति राम्रो कुरा छ । जसको मन एक मात्र उनमा लागिरहेको हुन्छ, जो उहाँको प्रेममा पागल हुन जान्छन्, तिनको भार ईश्वरले स्वयम् बोकिदिनुहुन्छ । नाबालखहरूलाई नखोजिकनै (आफन्त) संरक्षक भेटिन्छन् । अहा, कहिले मेरो यस्तो अवस्था होला ? जसको हुन्छ, ती कति भाग्यवान् छन् ।

त्रैलोक्य- महाराज, संसारमा के यथार्थ ज्ञान हुन्छ ? ईश्वर भेटिन्छन् ?

श्रीरामकृष्ण (हाँस्दै)- किन ? तिमी त मोजैमा छौ नि । (सबै हाँस्छन् ।) ईश्वरमा मन राखेर संसारमा छौ होइन ? सखर पनि खाएकौ छौ, चिनी पनि छँदै छ । संसारमा बसेर पनि ईश्वरलाभ अवश्यै हुनेछ ।

त्रैलोक्य- संसारमा रहेर ज्ञानलाभ हुन्छ भने यसको लक्षण के हो ?

श्रीरामकृष्ण- ईश्वरको नाम लिँदा उसका आँखाबाट धारा बग्नेछ, शरीर पुलकित हुनेछ, ईश्वरको मधुर नाम सुनेर शरीर रोमाञ्चित हुन लाग्नेछ र आँखाबाट अश्रु धाराहरू छुट्नेछन् ।

"जबसम्म विषयमा आसक्ति रहिरहन्छ, कामिनी-काञ्चनप्रति प्रेम रहन्छ, तबसम्म देह-बुद्धि जाँदैन, रहिरहन्छ । विषय आसक्ति जति घट्दै जान्छ, उति नै मन आत्म-ज्ञानतर्फ बढ्दै जान्छ र देह-बुद्धि पनि घट्दै जान्छ । विषयको आसक्ति समूल नष्ट भएपछि नै आत्मज्ञान हुन्छ, त्यसबखत आत्मा अलग लाग्छ र देह अलग । नरिवल पानी नसुकिसकेको डल्लोलाई खोलबाट अलग गर्न बडो मुस्किल हुन्छ । पानी सुकेपछि नै नरिवलको डल्लो खड्खडाउँछ र नरिवल बाहिरी खोलबाट अलग हुन्छ । यसैलाई सुकेको नरिवल भन्छन् ।"

"ईश्वरप्राप्ति भएको लक्षण यही हो कि त्यो मानिस सुकेको नरिवल जस्तै हुन जान्छ । त्यसबखत उसको देहात्मिका बुद्धि जान्छ । देहको दुःख र सुखबाट ऊ दुःखी अथवा सुखी हुन्न, उसलाई सुख वा दुःखको अनुभव हुँदैन । त्यो मानिस देह-सुख जान्दैन, ऊ जीवनमुक्ति भएर विचरण गर्छ ।"

"जब देख्छौ कि ईश्वरको नाम लिँदैमा आँसु बहन्छ र शरीर पुलकित हुन्छ, तब बुझ्नु कामिनी- काञ्चनको आसक्ति हटेको छ, ईश्वरप्राप्ति भएको छ । सलाई भिजेको छैन भने एक चोटि घोट्नेबित्तिकै काँटी बलिहाल्छ । तर भिजेको छ भने पचासौँ काँटी घोटे पनि केही हुँदैन, काँटीहरू मात्र बर्बाद गर्नुहुन्छ । विषयरसमा रहँदा, कामिनी र काञ्चनमा मन भिजेपछि, ईश्वरको उद्दीपना हुन्न चाहे हजार कोसिस गर, सबै व्यर्थ हुनेछ । विषयरस सुक्नेबित्तिकै त्यसै क्षण ईश्वर उद्दीपना हुनेछ ।"

त्रैलोक्य- विषयरस सुकाउने अब कुन उपाय छ ?

श्रीरामकृष्ण- मातासँग व्याकुल भएर भन । उहाँको दर्शन पाएपछि विषयरस आफैँ सुकेर जान्छ ।

कामिनी-काञ्चनप्रतिको आसक्ति सबै हट्नेछ । आफ्नी आमा हुनुहुन्छ । यस्तो बोध भएपछि, त्यसै बखत नै मुक्ति हुन जान्छ । उहाँ के धर्ममाता हो र, उहाँ खास आफ्नो आमा हो । व्याकुल भएर आमासँग भन, हठ गर । बच्चा चङ्गा किनिदिनका लागि आफ्नी आमाको धोती समातेर पैसा माग्छ । आमा कहिले त्यसबखत अरू आइमाईसँग कुराकानी गरिरहेकी हुन्छे । पहिले त कसै गरी पनि पैसा दिन चाहन्न । भन्छे, 'हुन्न बाले नदिनु भन्नुभएको छ । बरू बा आएपछि चङ्गा किनिदिन भनिदिउँला, चङ्गा उडाएर आपत् पार्न लागेको छस् कि क्या ?' इत्यादि । तर जब बच्चा रून लाग्छ, कसै गरी पनि छोड्दैन, तब अरू आइमाईलाई भन्छे, तिमीहरू एकैछिन बस, यो केटालाई फुल्याएर आउँछु । अनि साँचो लिएर झटपट सन्दुक खोल्छे र एक पैसा बच्चाको अगाडि फालिदिन्छे । यसै गरी तिमी पनि मातासँग हठ गर । उहाँले अवश्य नै दर्शन दिनुहुनेछ । मैले सिक्खहरूसँग यही कुरा भनेथेँ, उनीहरू दक्षिणेश्वर काली मन्दिर गएका थिए । काली मन्दिरकै अगाडि बसेर कुराकानी भएको थियो । तिनीहरूले भनेका थिए, ईश्वर दयामय हुनुहुन्छ । मैले सोधेँ, किन ? किन दयामय हुनुहुन्छ ।

उनीहरूले भने, 'किन होइन महाराज, उहाँले सधैँ नै हाम्रो देखरेख गर्नुहुन्छ ।' हामीलाई धर्म, अर्थ सबै दिनुभएको छ, खान दिनुहुन्छ । मैले भनेँ, 'यदि कसैका केटा-केटी भएका छन् त तिनको ख्याल-खबर, खाना-पिनाको भार तिनका बाबुआमाले नगरे के गाउँलेले आएर लिन्छन् त ?

सबजज- महाराज, त्यसो भए उहाँ के दयामय हुनुहुन्न ?

श्रीरामकृष्ण- हुनुहुन्छ, किन हुनुहुन्न ? त्यो कुरा त्यसरी भन्नुपरेको थियो । उहाँ त आफ्नो परम आत्मीय हुनुहुन्छ । उहाँ माथि जोर लगाउन सकिन्छ । आफ्नै मान्छेसँग कहिलेकाहीँ यसो पनि त भन्न सकिन्छ, साले ! दिने कि नदिने ? क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

स्रोतः श्रीरामकृष्ण वचनामृत

विष्णुकी प्रियाः तुलसी

– सहप्रा. डा. विनुबाबा अर्याल

हाम्रो सनातनीय वैदिक हिन्दु संस्कृतिमा वृक्ष एवम् विरूवाहरूको पूजालाई अत्याधिक मात्रामा महत्त्व दिइएको छ । हिन्दुहरू प्रकृतिका पूजक हुन् । उनीहरू प्रकृतिको वनस्पतिमा पनि आत्मारूपी भगवान् रहेको मान्दछन् र त्यसको संरक्षण गर्दछन् । सबैबाट पुजित र सबैको लागि लाभदायक वनस्पतिमध्ये अश्वत्थ (पिपल), तुलसी श्रीखण्ड, कुश आदिको महत्त्व धेरै नै छ । जुन अवर्णनीय छ । पूजा अर्चना र कर्मकाण्डका लागि पनि ज्यादै महत्त्वपूर्ण मानिन्छ । अश्वत्थ, वृक्षलाई हिन्दु तथा बौद्धहरू समानरूपले पूजा गर्दछन् । सोही वृक्षको मुनि बसी सिद्धार्थ गौतमले ज्ञान आर्जन गर्नुभएको थियो । जसका कारण त्यसलाई बोधिवृक्षको संज्ञा पनि दिइएको छ ।

अश्वत्थवृक्ष जस्तै तुलसी ज्यादै महत्त्वपूर्ण वनस्पति हो । जसको महिमा हिन्दु तथा वैष्णव धर्ममा यथेष्ट मात्रामा रहेको छ । तुलसी भगवान् हरिको प्रिय वस्तु भएकोले यो विना विष्णुको पूजा अपुरो हुन्छ भनिन्छ ।

हिन्दुहरूको प्राचीन ग्रन्थ वेददेखि लिएर लगभग सबै पौराणिक ग्रन्थहरूमा तुलसीको महिमा बताइएको छ । वैष्णवधर्मसित तुलसीको घनिष्टता ज्यादातर देखिएता पनि हिन्दु धर्मका अन्य सम्प्रदायसित समेत यसको सम्बन्धलाई बिर्सन सकिंदैन । जसको कारण तुलसीको पूजा हिन्दु मात्रले प्राचीन कालदेखि आजसम्म अविच्छिन्न रूपले गर्दै आइरहेका छन् ।

हरिशयनी एकादशीदेखि हरिवोधनी एकादशीसम्म तुलसीको पूजा गर्ने र द्वादसीका दिन तुलसी विवाह गर्ने विधान पुराणहरूमा छ । चार महिना नारायणलाई जलमा र वृक्षमा गएको देखेर लक्ष्मी तुलसी वृक्षमा आश्रय लिन्छिन् । त्यसवेला तुलसीको सेवनले मनुष्यका हजारौ पापको नाश हुन्छ भन्ने कुरा पनि पुराणमा पाइन्छ । सनतकुमार संहिता अनुसार कार्तिक महिनामा सम्पूर्ण तीर्थ सहित सबै देवता तुलसीमा निवास गर्दछन् ।

तुलस्या सर्वतीर्थानि तुलस्या सर्व देवता
कात्तिके मासि तिष्ठन्ति नात्र कार्या विचारण । (सनतकुमार संहिता)

जुन घरमा तुलसीको स्थान हुन्छ, त्यो घर तीर्थ समान भएर त्यहाँ यमदूतहरू टिक्न सक्तैनन् । तुलसी बोटको सभक्तिपूर्वक सेवा गर्नाले मनुष्यमा निहित कायिक, वाचिक र मानसिक विकारहरू नाश हुन्छन् ।

तुलसी कानन राजन् गृहे यस्याव तिष्ठते ।
तद्‌र्गहं तीर्थ रुपंत् ये यान्ति यमकिंकरोः ॥
रोपणात् पालनात् स्वर्शात् नृर्णा पापहर तथा
तुलसी दहते पापं वाङ्‌मयः काय सम्भवयो ॥ (पद्मपुराण)

पुराणहरूको अध्ययन गर्दा अन्य महिनाहरूको अपेक्षा कात्तिक महिनामा तुलसी पूजाको अत्याधिक महत्त्व भएको कुरा चाल पाइन्छ । पद्मपुराणअनुसार कात्तिक महिनामा एक लाख तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गर्नाले प्रत्येक तुलसी दलबाट मुक्तिको फल प्राप्त हुन्छ ।

तुलसी दल लक्षेण कार्तिके योजयेत् हरिम् ।
पत्रेपत्रे मुनि श्रेष्ठ मौक्तिकं लभते फलम । (पद्मपुराण)

स्कन्द पुराणमा कात्तिक महिनामा तुलसीको माला धारण गर्नुपर्ने कुरा वर्णन गरिएको छ । सो पुराण अनुसार अरू महिनाहरूमा धारण नगरिएतापनि कात्तिकमा तुलसीको माला धारण गर्न जरूरी छ ।

नै वेद्य केशवे मालां तुलसी काष्ठसंभवाम् ।
वहुते यो नरा भक्त्या तस्य नैवास्ति पातकम् । (स्कन्दपुराण)

सत्ययुगदेखि नै मानव जीवनको अभिन्न अङ्ग बनेको तुलसीलाई त्रेतायुगमा रामको नामले यसलाई ज्ञानको प्रतीक मानिन्थ्यो भने चित्रुकटमा रामले आफ्नो आसुले तुलसीको सिञ्चन गर्नुभयो । द्वापर युगमा सत्यभामाकी जीवन सङ्गिनी बनिन् । कृष्णप्रिया समेत भई गोलोकमा राधिकाको नामले तुलसीलाई पुकारियो । वृन्दावन पुरै तुलसीको वनले ढाकिएको क्षेत्र हो । तुलसी वनलाई नै

वृन्दावन भनिन्छ ।

वृन्दावन भारतको मथुरादेखि १२ किमीको दुरीमा छ । यो क्षेत्र तीन तिरबाट यमुना नदीले घेरिएको छ । तत्कालीन राजा केदारको पुत्री वृन्दाले कृष्णको दर्शन पाउन यमुना नदी क्षेत्रको तुलसी जङ्गलमा आई तपस्या गरेकी थिइन् । वृन्दाले तपस्या गरेको तपोवन हुनाले यो क्षेत्रको नाम वृन्दावन रहन गएको हो । ती वृन्दा पूर्वजन्ममा जालन्धरकी पत्नी रहँदा विष्णुकी अत्यन्त भक्त भएकाले अर्को जन्ममा विष्णुको आज्ञा अनुसार उहाँ मै समाहित हुने भएकोले तुलसीको रूपमा जन्म लिएकी हुन् । त्यसैले तुलसीको विवाह हुँदा तुलसीको प्रतीक लिङ्गो गाडी पूजा गर्ने गरिएको हो ।[१]

कात्तिक शुक्ल पूर्णिमा तिथि शुक्रबारका दिन सम्पूर्ण ग्रहलाई अनुकुल पारेर लक्ष्मी प्रकट हुनुभयो । उहाँको नाम तुलसी रह्यो । प्रारम्भमा यिनी तुलसी नामकी गोपी थिइन् । भगवान् श्रीकृष्णको चरणमा उनको अतिशय प्रेम थियो । रासलीलामा उनको श्रीकृष्णप्रति आसक्ति देखेर रासेश्वरी राधाले रिसाएर उनलाई मानव योनीमा जन्म लिने श्राप दिएकाले फलस्वरूप उनी धर्तीमा राजा धर्मध्वजकी पत्नी माधवीको गर्भबाट जन्मेकी थिइन् ।

गोलोकमा नै सुदामा नामक एउटा गोप पनि थिए जो भगवान् श्रीकृष्णको मुख्य पार्षद थिए । उसलाई पनि कुनै कारणले राधाले रिसाएर दानव योनीमा जन्म लिने श्राप दिनुभएको फलस्वरूप सुदामा शरवचूड भए, ब्रह्माको प्रेरणाले तुलसीको विवाह असुर शखचूडसँग भयो । ब्रह्माबाट बरदान प्राप्त गरेर पराक्रमद्वारा देवताहरूलाई स्वर्गदेखि निष्कासित गरेर स्वर्गमा आफ्नो अधिकार जमायो । यो सबै पूर्व निश्चित व्यवस्थाको कारणले नै भएको हो र हुनेछ पनि यसैको सिलसिलामा शंखचूड र भगवान् शंकरको पक्ष बीच भीषण युद्ध भयो । सोही अवसरमा आकाशवाणी भयो । कवच रहुन्जेल यसको मृत्यु हुँदैन ।

त्यही बेलामा भगवान् हरि वृहद ब्राह्मणको भेषमा युद्ध भूमिमा उपस्थित भएर प्रतिज्ञापूर्वक शंखचूडसँग कृष्ण कवच माग्नुभयो । शंकचूडले पनि प्रदान गरे । ततपश्चात् श्रीहरिले शंकचूडको रूप धारण गरी छलपूर्वक तुलसीको सतित्व नष्ट गरेकोले, तुलसीको सतित्वले बाँचिरहेको शंकचूडलाई श्रीशङ्करले त्रिशूलद्वारा वध गर्नुभयो । तत्क्षण शंखचूडको स्वरूप दिव्य गोपको रूपमा परिणत भयो र विमानमा आरूढ भएर गोलोकमा प्रस्थान गऱ्यो । श्रीकृष्ण र सखादुदामाको दिव्य मिलन भयो । शंखचूडको हाडद्वारा शंखको उत्पत्ति गर्नुभयो । त्यही हुनाले शंख भगवान् श्रीकृष्णको प्रिय वस्तु भयो । उता शिव पनि शिवलोक प्रस्थान गर्नुभयो ।

भगवान् नारायणले नारदलाई बताउँदै भन्नुभयो कि आफ्नो सतीत्व नष्ट भएको थाहा पाएर तुलसीले भगवान्लाई पाषाण हुने श्राप दिनुभयो । तुलसीद्वारा श्रापित श्रीहरि त्यही नदीमा सम्पूर्ण मनुष्यलाई पुण्य प्रदान गर्ने शालिग्राम बन्नुभयो । शालिग्रामका विभिन्न स्वरूप र नाम छन् । जस्तै लक्ष्मी, नारायण, लक्ष्मी जनार्द्धन, राघवेन्द्र, दधिवामन, श्रीधर, दामोदर, रणराम, राजराजेश्वर, अनन्त, मधुसूदन, सुदर्शन, गदाधर, हयाग्रीव, नरसिंग, वासुदेव, प्रद्युम्न, संकर्षण, अनिरूद्र आदि धेरै नामले शालिग्राम स्वरूप भगवान् विराजमान हुनुहुन्छ ।

भगवान् नारायण नारदलाई यो पनि बताउँदै भन्नुहुन्छ– शालिग्राम र तुलसीको महिमा गाएर सकिंदैन । यस प्रकारको श्रापले भगवान् शालिग्राम हुनुभयो भने तुलसी शरीर त्याग गरेर गण्डकी नदीको रूपमा परिणत भइन् र मूल रूपले भगवान्को वक्षस्थलमा निवास गर्न लाग्नुभयो । यसरी श्रीहरि तुलसीसँग आनन्दपूर्वक रहन थाल्नुभयो र

श्री ह्रीं क्लीं ऐं वृन्दावन्यै स्वहाः **यो मन्त्र उच्चारण गरी दशाक्षर मन्त्रद्वारा पुजन गरी स्तुति गर्नुभयो । यसरी स्तुति पश्चात् भगवान्ले तुलसीका आठ नामको पनि वर्णन गर्नुभयो ।**

वृन्दा वृन्दावनी विश्व पावनी विश्वपूजिता
पुष्पसारा नन्दिनी च तुलसी कृष्ण जीवनी ।
एतन्नामाष्टकं चैव स्तोत्र नामार्थसंयुत्या
यः पठेत् तां च सम्पूज्य सोऽश्वमेध फलं लभेत् ।३

कात्तिक पूर्णिमाको अवसरमा जसले भक्तिभावले तुलसीको पूजा गर्छ सम्पूर्ण पापले मृत्यु भएर वैकुण्ठमा जान्छ । यसरी नारायणले नारदलाई तुलसीको सम्पूर्ण विधान बताउनुभयो ।

धार्मिक रूपले असार शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीको दिन हरेक घरको आगनमा रहेको मठमा तुलसी विधिपूर्वक रोपण गरिन्छ । चतुर्मास पर्यन्त अर्थात् कार्तिक शुक्ल एकादशीसम्म पूजा गरी सोही दिन तुलसी विवाह गरी विसर्जन गरिन्छ । तुलसी विवाह पद्धति नामक ग्रन्थमा कर्तिक शुक्ल एकादशी अर्थात् हरिवोधनी एकादशीको दिन भगवान् विष्णुसित तुलसीको विवाह हुने कुरा वर्णित छ । तुलसीको विवाहको विधान, एउटी कन्याको विवाहको विधानसित अत्याधिक साम्यता राख्तछ ।

तुलसी विवाहको विधान निम्न प्रकारको छ– प्रवोधनी एकादशीको भोलिपल्ट अर्थात् आषाढ शुक्ल द्वादशीको दनि तुलसीको बोट रोप्नु पर्दछ । जब तीन महिनाको हुन्छ, त्यसको पूजा प्रारम्भ गरिन्छ । कार्तिक शुक्ल एकादशीको दिन मण्डप स्थापना आदि सबै गरी विष्णुसित तिनको विवाह सम्पन्न गरिनु पर्दछ । नवग्रह, मातृकापूजान, नान्दी श्राद्ध आदि पश्चात् गोधूली समयमा कन्यादान गरिन्छ । देवी पुराण अनुसार कार्तिक पूर्णिमाको दिन तुलसी जन्म भएको थियो ।

पुराणमा वर्णित एक उपाख्यान अनुसार कुनै एक समयमा सत्यभामाले श्रीकृष्णको तुलादान गरिन् । तराजुको एकातिर श्रीकृष्ण बस्नुभयो अर्कोतिर सत्यभामाले आफ्ना सम्पूर्ण सम्पत्ति राखिन् । तर सत्यभामाको सम्पत्ति भएतिरको पल्ला आकाशमै रह्यो । सत्यभामालाई साह्रै कष्ट भयो । यही समयमा रूक्मिणीको इशारामा यिनले तुलसीपत्र त्यसमा राखिदिइन् । तुलसीपत्र राख्नासाथ श्रीकृष्णको पल्ला आकाश हुन लाग्यो । यसरी यस उपाख्यानद्वारा पनि तुलसीको महिमा पौराणिक समयदेखि नै अत्याधिक रहेको पुष्टि हुन्छ ।

पद्मपुराणअनुसार कात्तिक महिनामा एक लाख तुलसीपत्र भगवान् विष्णुलाई अर्पण गरिनाले प्रत्येक तुलसी दलबाट मुक्तिको फल प्राप्त हुन्छ–

तुलसी दल लक्षेण कार्तिके योजयेत् हरिम् ।
पत्रे पत्रे मुनि श्रेष्ठ मौक्तिक लभते फलम् ।५

रूद्राक्षको उत्पत्ति, अमलाको फलको महत्त्व, तुलसीदलको महात्म्य आदि बारेमा कार्तिकेयले सोधेका प्रश्नमा भगवान् शिवले तुलसी नै यस्तो श्रेष्ठ वृक्ष हो जसको पत्र, पुष्पदल ज्यादै नै महत्त्वको हुन्छ भन्नुभएको छ । भगवान् विष्णुले प्राचीन समयमा सम्पूर्ण लोकको हित गर्ने उद्देश्यले तुलसी रोप्नुभएको थियो । तुलसीको पात, पुष्प, सबै धर्मकार्यमा प्रतिष्ठित मानिन्छ ।

जसले तुलसी पूजा गर्दछ, कीर्तन गर्दछ, ध्यान गर्दछ, रोप्दछ र धारण गर्दछ त्यसको सम्पूर्ण पाप जलेर उसले स्वर्ग वा मोक्ष प्राप्त गर्दछ ।

त्यस्तै उपदेश दिनेलाई र आफूले यसको धारण गर्नेलाई पनि मोक्ष मिल्दछ तुलसीको एक पत्रले श्रीहरिको पूजा गरेर मनुष्यले वैष्णवत्व प्राप्त गर्दछ भनिएको छ–

पुजने कीर्तने ध्याने रोपणे धारणे कलौ ।
तुलसी दहते पापं स्वर्ग मोक्षं दायाति च ॥७

जसको मृत्युको समयमा श्रीहरिको कीर्तन र स्मरण हुन्छ र तुलसीको काठद्वारा जसको दाहसंस्कार गरिन्छ उसको पुनर्जन्म हुँदैन–

यद्येकं तुलसी काष्ठ मध्येकाष्ठस्य तस्य हि ।
दाहकाले भवेन्मुक्ति? कोटिपाप युतस्य च ॥८

यदि दाह संस्कारको समयमा अन्य काठ भित्र एक मात्र तुलसीको काठ भयो भने करोडौं पापहरूले युक्त भए पनि त्यस मनुष्यको मुक्त हुन्छ । तुलसीको काठ मिसिएपछि अन्य सबै काठ पवित्र हुन्छ । त्यसैले उसलाई विष्णुदूत आएर वैकुण्ठमा लैजान्छन् र यमराजको दूत रित्तै फर्किन्छन् । त्यसैले भगवान्लाई तुलसीको धुप दिनु, पत्रपुष्प अर्पण गर्नु, तुलसी काठद्वारा दीप जलाउनु आदि

गर्नाले उसलाई अतुल सम्पत्ति प्राप्त भई यहाँको भोग र मोक्ष प्राप्त हुन्छ । साथै उसका पितृहरूले मुक्ति पाउँछन् जसका घरमा तुलसी वृक्षको वगैचा हुन्छ । त्यसको दर्शन र स्पर्श मात्र गर्नाले ब्रह्महत्यकादि सारा पाप नष्ट हुन्छन् । तुलसीको जरामा ब्रह्मा, मध्य भगमा भगवान् जनार्दन र मञ्जरीमा रूद्रदेवको निवास हुन्छ ।

भगवान् शिव, नारदलाई तुलसीको महात्म्य बताउँदै भन्नुहुन्छ कि तुलसीको बारेमा सुन्दा मात्र पनि जन्मदेखि मृत्युससम्मको पाप राशिहरूबाट छुटकारा मिल्छ। तुलसीको पात, फूल, फल, बोक्रा आदि र रोपण गरिएको स्थानको माटोसम्म पनि पावन हुन्छन्-

पत्रं पुष्पं फलै मूलं शाखा त्वकस्कन्ध संज्ञितम्।
तुलसी संभवं सर्व पावनं भृतिकादिकम् ॥९

तुलसीको धार्मिक एवम् सांस्कृतिक महत्त्वको साथै यसको वैज्ञानिक महत्त्व पनि कम छैन । तुलसी बारे अनेकौं वैज्ञानिक र चिकित्साशास्त्रीय शोधहरू भइसकेका छन् । चिकित्सकहरूका अनुसार तुलसीमा सयौं रोग निको पार्ने क्षमता छ । यसमा पात, हाँगा, फूल, जरा, विउ सबै उत्तिकै औषधिको रूपमा प्रयोग हुन्छन् । सर्पसम्मको अस्तित्व पनि त्यहाँ हुँदैन । तुलसीको रस शरीरमा लगाई सुत्नाले लामखुट्टेले टोक्न सक्दैन । यसको आयुर्वेदिक उपयोगिता अत्याधिक मात्रामा भएको कुरा प्रमाणित हुन्छ ।

मानिस मृत्यु शैयामा हुँदा प्राण त्याग्नु अघि तुलसीको बोट नजिक राख्नाले तथा तुलसीपत्र सुघाउनाले मृत्युपछि मोक्ष प्राप्ति हुन्छ भन्ने शास्त्रमा वर्णन गरिएको छ । तुलसी रोपेको चार सय मिटर वरपरको वातावरणलाई तुलसीको सुगन्धले शुद्ध पार्दछ भन्ने विश्वास छ ।

अतः तुलसी महौषधि रहेको छ । यो महौषधिलाई घर घरमा राख्नु अत्यावश्यक छ । तुलसी रोप्ने, तुलसीलाई फैलाउने अभियानलाई व्यापकता प्रदान गर्नु परेको छ । किनभने निरोगी हुनु पनि मोक्ष प्राप्तिको एक महत्त्वपूर्ण साधन हो । ❖

सन्दर्भ सामग्री
१ प्रदीप- अभिनव संस्कृति विश्वकोष हरिराम जोशी, वर्कर्स पब्लिकेसन्स् पेज ३८०
२. देव दर्शन- यज्ञराज ज्ञवाली, प्रकाशक दयित्व वाङ्मय प्रतिष्ठान
३. ब्रह्मवैवर्तम महापुराण, प्रकृति खण्ड २२/३३-३५
४. प्रदीप- अभिनव संस्कृति विश्वकोष हरिराम जोशी,वर्कर्स पब्लिकेसन्स्
५. पद्मपुराण
६. स्कन्दपुराण
७. पद्मपुराण ५८/१३१
८. पद्मपुराण २४/७
९. पद्मपुराण २४/२

-बत्तीसपुतली, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो। जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

कृष्णागण्डकी

–वेदप्रसाद पन्त

काली (कृष्णा)गण्डकी संसारमै उत्तम नदी हो । यस नदीमा शालग्रामचक्र उत्पत्ति भइरहने हुँदा यसको जल निकै पवित्र मानिन्छ । यस कृष्णागण्डकीले संसारकै गहिरो गल्छी बनाएकोले पनि विश्वमा चर्चित छ । यस नदीलाई विष्णुनदी, मुक्तिनदी, चक्रनदी आदि नामले पुकारिन्छ । विशेषतः कालीगण्डकीदेखि पूर्वको त्रिशूली (शिवनदी)सम्मको सप्तगण्डकी प्रस्रवण क्षेत्रलाई पौराणिक ग्रन्थहरूले संसारमै सर्वोत्तम पवित्र एवम् धार्मिक क्षेत्र हो भनेका छन् । त्यसमा पनि सत्य, त्रेता, द्वापर र कलि चारै युगमा शालग्राम चक्रशिला उत्पन्न भइरहने हुँदा कृष्णागण्डकीको प्रस्रवण क्षेत्रलाई बढी उत्तम र पवित्र मानिएको छ ।

यो महत्त्वपूर्ण तीर्थहरू भएको गण्डकीको बारेमा काशिराम सूरीले लेख्नुभएको छ–

तथैव सर्वतीर्थानां महात्म्यं विस्तराद् बुधैः ।
कृतमस्ति न गण्डक्याः प्रसिद्धायाः सदा तदा ।। (ग.म.२३)

अर्थात् विद्वान् लेखकहरूले यस पृथ्वीमा रहेका सबै तीर्थहरूको जति वर्णन गरेका छन्, त्यति कलियुगको निम्ति अति उत्तम मानिने यस गण्डकीका तीर्थहरूको वर्णन गरेका छैनन्, भन्दै उहाँले गण्डकी महात्म्य लेख्नुभएको छ । भगवान् विष्णुले भन्नुभएको छ –

कले पञ्च सहस्रेच गते वर्षे तु मोक्षणम् ।
युष्माकं सरितां चैव मद्‌गेहे चागमिष्यथ ।।

(देवीभागवत् अ.७ श्लोक २१)

अर्थात् भगवान् विष्णुले पाँचहजार वर्ष कलि बितेपछि विश्वका सबै तीर्थहरू यही आर्यावर्त क्षेत्रमा प्रादुर्भाव भएकी कालीकै प्रस्रवण क्षेत्रमा आएर रहने छन् भन्नुभएकोले सबै तीर्थहरू यही एकत्रित भएको कुरामा विश्वास गर्न सकिन्छ । यो अत्यन्त पवित्र क्षेत्र भएकोले नै यहींबाट ब्रह्माजीको निर्देशनअनुसार वैवस्वतमनुले सृष्टि प्रारम्भ गरेका थिए भने वैदिक सनातन धर्म, संस्कार, संस्कृति र सभ्यताको विकास पनि यहींबाट गण्डकी नदीहरूसँगै भएको हो । अतः आज पनि यही प्रस्रवण क्षेत्रकै नागरिकहरू वैदिक सनातन धर्म, संस्कार, संस्कृति र सभ्यताको संरक्षण गर्न लागी परेका छन् ।

यो नेपालभूमि स्थावर र जङ्गमादिको उत्पत्ति, स्थिति र लय प्रारम्भ भएको प्रथमभूमि हो । त्यति मात्र नभएर भगवान् विष्णु पनि सगुण साकार रूपमा यहीं नेपालभूमिमै ९ पटकसम्म अवतरित भइसक्नुभएको छ । तीमध्ये अधिकांश अवतार यही गण्डकी प्रस्रवण क्षेत्रमा भएको पाइएको छ भने बाँकी अरू अवतार पनि नेपालकै विभिन्न स्थानमा भएका हुन् भन्ने प्रमाण पुराणहरूले दिएका छन् । यतिमात्र होइन यही भूमिमा भगवान्‌का चौवीस अवतार भित्र गणना गरिने सबै महर्षि र महापुरूषहरूको जन्म भएको कुरा पनि पुराणहरूले नै बताएका छन् ।

कसै कसैले पुराण भनेको सुन्ने कुरा हो भनेको पनि सुनिन्छ तर पुराण भनेका पहिले भएका सबै कुराको यथार्थ इतिहास बताउने र भविष्यमा हुने कुराको पनि विज्ञानसम्मत तरिकाले भविष्यवाणी गर्ने महान् ग्रन्थ हुन् । नबुझिकन बोल्नु सर्वथा ठीक होइन, अल्पज्ञानले पुराण भित्रको महनीयता बोध गर्न सकिने विषय पनि होइन । अतः पहिले पौराणिक ग्रन्थको अनुशीलन गर्नुपर्छ । अति प्राचीन ग्रन्थप्रति हलुका दृष्टिले हेर्नुअघि त्यसभित्रको महत्ता बुझ्नुपर्छ । त्यो हैसियत राख्नेलाई नै त्यसप्रति टीका टीप्पणी गर्ने अधिकार हुन्छ र सुहाउँछ पनि ।

नेपालको गण्डकी प्रस्रवण क्षेत्र अत्यन्त पवित्र भएकोले नै आफू सदा सर्वदा निर्विकार निर्विकल्प भइरहने निराकार निर्गुण परब्रह्म परमात्माले पृथ्वीको उद्धार गर्न अर्थात् दुराचारीहरूलाई दमन गरी सदाचारीको संरक्षण गर्नको लागि सगुण साकार रूपमा अवतरण हुने गरेका कुराहरू हाम्रा वेदादि धर्म ग्रन्थहरूमा उल्लेख गरिएको छ । पृथ्वीको सर्वोत्तम पवित्र क्षेत्र काली गण्डकी प्रस्रवण क्षेत्र भएकोले नै गण्डकीशिर मुक्तिनाथमा सृष्टिकै प्रारम्भमा ब्रह्माजीले योगयज्ञ गर्न थालेपछि भगवान् शिवअग्निरूपमा

र भगवान् विष्णु जलरूपमा यहीं प्रकट भई यज्ञ सम्पन्न भएको थियो । यस सम्बन्धमा स्कन्दपुराण लेख्छ –

मुक्तिभूभृन्मध्यभागे धात्रातप्तं पुरा मुने।
समाबाह्यजले वह्निंहुतवाँस्तत्रहव्यकम् ॥ (स्कन्द अ.५६/३)

अर्थात् स्कन्दजी भन्नुहुन्छ– हे मुनि ! अघि मुक्तिनाम गरेको पर्वतको बीचमा ब्रह्माले तपस्या (योगयज्ञ) गरी त्यहाँ उहाँले अग्निको आवाहन गरेर हवन गर्नुभएको थियो । यद्यपि पानी र अग्निको भित्रभित्रै परस्पर वैरभाव छ, तापनि तिनीहरू त्यहाँ एउटै शरीर भएर बसेका छन् । यसरी ब्रह्मा, विष्णु र महेश्वर एकै स्थानमा जम्मा भएर यज्ञ सम्पन्न भएपछि यहींबाट ब्रह्माले सृष्टि गर्ने, विष्णुले पालन गर्ने र शिवले रौद्र रूप लिएर संहार गर्ने काम प्रारम्भ गर्नुभएको थियो । भगवान्को यो कार्य महाप्रलय नहुँदासम्म निरन्तर चलि नै रहन्छ र प्रलयपछि पनि सृष्टिको क्रम पुनः यसरी नै अगाडि बढ्दे-बढ्दै जान्छ । तर कतिपय समयमा दुराचारीले सदाचारीलाई दुःख दिएर सृष्टि नै खलबलिने अवस्था आउन थालेपछि भगवान्ले सगुण साकाररूप लिएर दुराचारीलाई दमन र सदाचारीहरूको संरक्षण गर्दै आउनुभएको कुरा पौराणिक इतिहास एवम् महाभारतमा समेत पढ्न पाइन्छ ।

पुराणहरूलाई हामीले सिधा तरिकाले जसरी पढ्दै र बुझ्दै आएका छौँ अब त्यसरी नभई शब्दशब्दलाई केलाएर बुझ्न थाल्यौं भने हामी विश्वस्त हुन सक्ने छौं । श्रीमद्भागवत्मै उख्लेख छ– संसारका तीर्थहरूमा भगवान् अवतरण भएको स्थान नै सर्वोत्तमतीर्थ हुन्छ । अतः पुराण र उपपुराणहरू समेतको अध्ययनबाट अतिप्रबल एवम् सम्भावित विभिन्न स्थानहरू पत्ता लागेका छन् ।

पौराणिक इतिहास अनुसार अनुसन्धान गर्दैजाँदा अहिलेसम्म भगवान् अवतरित भएका स्थानहरू निम्नानुसार पाइएको छ– १) काठमाडौं अधित्यका जलमग्न भएकै अवस्थामा अर्थात् सृष्टिको प्रथमचरणमा हाल चन्द्रागिरी नगरपालिका अन्तर्गत मत्स्य गाउँमा मत्स्यअवतार भएको थियो । २) पल्पाको तानसेन न.पा.वा.नं.१४ अन्तर्गत रहेको औंर्वाश्रमदेखि तल कालीगण्डकीको गाईघाट पुण्यक्षेत्र जहाँ कूर्म नदीको सङ्गमस्थल छ, त्यहीं कूर्म अवतार भएको थियो । ३) कोशीकिनार वराह क्षेत्र चतराधाममा भगवान्ले वराहअवतार लिई पृथ्वीको उद्धार गर्नुभएको थियो । ४) कालीकै किनार पर्वत जिल्लाको सदरमुकाम कुश्मादेखि तल कृष्णागण्डकी किनारमा नृसिंहघाट छ जसलाई नृसिंहधाम पनि भनिन्छ, त्यहीं नृसिंह अवतार भएको थियो । ५) बझाङ् जिल्लामा पहिलेको झिलमिल ताल नजिकै सिंहपुर नामक स्थान छ । त्यहीं वामनभगवान् अवतरित हुनुभएको हो । वामनभगवान्ले यही झिलमिल तालमा स्नान गर्ने गरेको हुँदा तालको नाम परिवर्तन भएर त्यो तालवामनी भएको छ, त्यही तालदेखि बगेको पानीबाट बनेको नदीलाई पनि वामनी नै भनिन्छ । ६) यसैगरी परशुरामको अवतार डडेलधुरा जिल्लाको परशुराम न.पा.अन्तर्गत महाकाली नदी किनारमा रहेको परि गाउँमा भएको हो भन्ने कुरा त्यहाँका संरचनाले नै बताउँछन् । त्यहाँका संचनाहरू– परशुराम कुण्ड, परशुरामको पुरानो सानो शालिक, वर्तमानमा निर्मित विशाल शालिक, परशुरामआश्रम, परशुरामको प्रचीन सानो मन्दिर र वर्तमानमा निर्मित ठूलो मन्दिरसँगै उनकी आमा रेणुकाको भव्यमूर्ति र जमदग्निको सानो मूर्तिसहितको मन्दिरसमेत यहाँ निर्माण भएका छन् । ७) भगवान्को रामअवतार चितवन जिल्लाको अयोध्या न.पा.अन्तर्गत अयोध्यापुरीमा भएको हो । ८) कृष्ण(दामोदर)को अवतार दामोदर हिमालको काख दामोदर कुण्ड क्षेत्रमा भएको हो । भगवान् कृष्णको अवतरण भूमिभएकोले नै हिमालको नाम दामोदर र श्रीकृष्णले स्नान गर्ने गरेको तालको नाम पनि दामोदर कुण्ड भएको कुरा स्पष्ट छ । कृष्णका सबै लीला श्रीमद्भागवत् महापुराणमै पढ्न सकिन्छ । ९) बौद्धावतार लुम्बिनीमा भएको सर्वविदितै छ ।

भगवान् अवतरित हुनको लागि पवित्र स्थान हुनु पर्ने र त्यस्तो स्थान गण्डकी प्रस्रवण क्षेत्रबाहेक अन्त कतै नभएको हुनाले भगवान्का सबै अवतार यहीं भएका हुन् भनेर सप्रमाण उल्लेख गर्न सकिन्छ । इतिहासमा संसारका अधिकांश साना ठूला सबै मुलुकहरू अरूको गुलामी सहेर सयकडौं वर्ष बिताएको इतिहास भए तापनि भगवान्कै शक्तिका कारण नेपालले आजसम्म त्यो कष्ट भोग्नुपरेको छैन । अहिले आएर भने केही स्वार्थी नेतृत्वका कारण देशले दुःख पाइरहेको छ । हिजो श्री ५ पृथ्वी नारायण शाह, भीमसेन थापा, अमरसिंह थापा, वीर बलभद्र कूँवर र बहादुर शाह जस्ता छोरा जन्माएकी नेपाल आमाले आज पनि केही सच्चा सन्तति जन्माइसकेकी छन् ।

शक्ति सङ्गमतन्त्रमा उल्लेख भएअनुसार नेपालको उत्पत्ति वर्णन यस्तो रहेको छ –

जटेश्वरं समारभ्य योगेशान्तं महेश्वरि !

नेपालदेशो देवेशि! साधकानां सुसिद्धिदः ॥

अर्थात् भारतवर्षमा रहेको जटेश्वरतीर्थदेखि योगेश्वर तीर्थसम्म नेपाल फैलिएको थियो र सम्पूर्ण साधकहरूलाई सिद्धि प्रदान गर्ने देश पनि यही हो भन्ने यो अर्थपूर्ण कथनअनुसार पृथ्वीका सम्पूर्ण तीर्थ नेपालमै छन् भनेको छ र वराहपुराणको कथनअनुसार ने मुनिले पालन गर्ने जिम्मा लिएको देश नै नेपाल हो पनि भनिएको छ ।

नेपाल अतिप्राचीन देश हो भन्दै स्कन्दपुराण हि.ख.नेपाल महात्म्यमा लेखेको छ –

कृते सत्यवती प्रोक्ता त्रेतायान्तु तपोवनम्।

द्वापरे मुक्तिसोपानं कलौ नैपालिका पुरी ॥

अर्थात् हिमालीकाखमाअवस्थित सुन्दर देश नेपाललाई सत्ययुगमा सत्यवती, त्रेतायुगमातपोवन, द्वापर युगमामुक्तिसोपान र कलियुगमा नेपाल भनिएको छ ।

यस्तै स्कन्दपुराण पाशुपत क्षेत्रवर्णनमा भगवान् शिवले भन्नुभएको छ– नाहंस्वर्गं गमिष्यामिअपितत्रमहत्सुखम्।

एतत्क्षेत्रं परित्यज्य कैलाशं गोपुरं तथा ॥

अर्थात् यहाँभन्दा धेरै सुख कैलाश र गोपुरमा छ तापनि यो सुन्दर नेपालभूमिलाई छोडेर मलाई स्वर्गमा जाने मन छैन । फेरि यसैगरी अगाडि भन्नुभएको छ–

देव्याः परं रहस्थानं तपोवनमिदं प्रियम्।

अहोरात्रात्तपःसिद्धि रत्रान्यत्कोटिवर्षतः ॥

अर्थात् देवीपार्वतीको लागि पनि यो एकान्त तपोवन अतिप्रिय छ किनभने अन्यत्र कोटिवर्ष तपस्या गरेर पाइने सिद्धि यहाँ एक अहोरात्रमै प्राप्त गर्न सकिन्छ ।

यसै कारणले स्कन्दपुराण नेपालमहात्म्यमा भनिएको छ–

त्रैलोक्यानां गरिष्ठोयं नेपाल इति सर्वतः ।

तस्माच्चैव गरिष्ठञ्च महती गण्डकीस्थलम् ॥ (स्कन्द.ने.म.५९)

तिनै लोकमा गरिमामय भूमि नेपाल हो भन्ने कुरा प्राकृतिक बनावट र सबै शास्त्रहरूको वर्णनअनुसार पनि निर्धक्क भएर भन्न सकिन्छ । यसमा पनि अति पुण्यमय स्थल कृष्णागण्डकी प्रस्रवण क्षेत्र हो भनिएको छ । यसैगरी सृष्टिको प्रथमभूमि आर्यावर्त भूमि हो भने यो आर्यावर्तभूमिको मूलस्थान पनि नेपाल नै हो । जस्तै श्रीममद्भागवत्मा उल्लेख गरिएको छ– आर्यावर्त पुण्यभूमिर्मध्य विन्ध्यहिमालयौ । अर्थात् विन्ध्याचलपर्वत र हिमालय पर्वतका बीचमा रहेको नेपालको पुण्यभूमि नै आर्यावर्त क्षेत्र हो भने राजा भरतको जन्म, कर्म र तपोभूमि पनि नेपालै भएकोले भारतवर्षको मूलक्षेत्र पनि यही नेपालकै कालीगण्डकी प्रस्रवण क्षेत्र हो ।

हिन्दुस्थानले आफ्नो देशको नाम भारत राख्नु पनि बल मिचाई मात्र हो भन्दा फरक पर्दैन । किनभने भारत शब्दको विस्तृत अर्थ– भाः प्रतिभा, प्रकाश वा सरस्वती (विद्या) भन्ने हुन्छ । रतको अर्थ– यही विद्याको निरन्तर अभ्यास गर्न व्यस्त हुनु हो । विद्यामा हमेसा रत भइरहने धेरै महर्षिहरूको जन्म, कर्म र तपोभूमि पनि यही नेपाल नै हो र सम्पूर्ण शास्त्रहरू– वेद, पुराण, महाकाव्य, दर्शन र व्याकरणशास्त्र समेतको सृजना र व्याख्या पनि यही नेपालको पवित्रभूमि गण्डकी प्रस्रवण क्षेत्रमा बसेर उनीहरूले नै गरेको हुँदा प्राचीनकालमा यो भारत नाम त तिनै महर्षिहरूको लागि प्रयोगमा आएको थियो । यही नेपाल नै राजा भरतको जन्म, कर्म र तपोभूमि पनि भएको हुँदा उनको नामबाट नामाङ्कन गर्ने अधिकार पनि नेपाललाई नै थियो र छ । (यो कुरा श्रीमद्भागवत् महापुराण पञ्चम स्कन्द अध्याय ६ देखि १५ सम्म उल्लेख भएको राजा भरत, जडभरत र राजा रहुगणको कथाबाट स्पष्ट हन्छ) ।

पाँचहजार कलियुग बितेपछि संसारका सबै तीर्थ गण्डकी प्रस्रवण क्षेत्रमा आएर स्थिर हुनेछन् भन्दै स्कन्दपुराण हि.ख.अन्तर्गत गण्डकी महात्म्यमा लेखिएको छ –

यावन्तिभुवितीर्थानि ह्यासमुद्रं सरांसि च ।

क्षेत्रेऽस्मिन् तानितीर्थानि चागमिष्यन्तिमत्कृते ॥ (स्कन्द पु.क.६)

अर्थात् भगवान् विष्णु भन्नुहुन्छ– पृथ्वीलोकमा नदीहरूदेखि लिएर समुद्रसम्म जति तीर्थहरू छन् ती सबै मेलै सत्ययुगदेखि निवास गर्दै आएको यही चक्रतीर्थमा आएर बस्ने छन् । फेरि अगाडि भन्नुभएको छ–

यावन्ति भ्रममाणस्य पदानि ननु सुन्दरि ।

तावद्वर्ष सहस्राणि ब्रह्मलोके महीयते ॥ (व.पु.अ.१४५/४४)

अर्थात् भगवान् विष्णुले लक्ष्मीजीलाई भन्नुहुन्छ– हे सुन्दरी ! यस चक्रतीर्थमा भ्रमण गर्न आउने मानिस जति पाइला हिड्छ, त्यति हजार वर्षसम्म ब्रह्मलोकको सुखभोगमा रम्न पाउँछ । विष्णुको यस्तो कथन भएको हुनाले नै विश्वका सबै तीर्थहरू यही कालीगण्डकीको प्रस्रवण क्षेत्रमा आएर स्थिर भएका छन् भन्ने विश्वास गर्न सकिन्छ । यस्तै वराहपुराणले लेखेको छ–

पृथिव्यां यानितीर्थानि आसमुद्रं सरांसि च ।
मथुरायां गमिष्यन्ति सुप्ते चैव जनार्दने ॥ (व.पु.अ.१५०/१९)

अर्थात् यस पृथिवीमा समुद्रदेखि लिएर तलाउ र पृथिवी समेतमा जति तीर्थहरू रहेका छन् । सबै युगमा हरि भगवान् शयन गर्नुहुने असारे ठूली एकादशीदेखि कार्तिक ठूली एकादशीसम्मको (चतुर्मासा) चार महिनासम्म संसारका सबै तीर्थहरू भगवान् कृष्ण अवतरित हुनुभएको मथुरा (दामोदर कुण्ड)मा गएर रहनेछन् भनेको छ भने देवीभागवत्मा उल्लेख भएअनुसार ५००० वर्षकलि वितेपछि संसारका सबै तीर्थहरूको महत्त्व समाप्त भएर ती तीर्थहरू कालीगण्डकीमा आएर स्थिर हुन्छन् भनेको छ । यसका आधारमा पनि अहिले कलियुग ५१२४ वर्ष बितिसकेकोले यो शालग्राम क्षेत्रभन्दा अरू तीर्थहरूमा गरिने पुण्यकर्म त्यति फलदायी नहुने बुझिन्छ ।

यो व्यक्त संसार अव्यक्तको गर्भमा लीन भएपछि कालस्वरूप भगवान्लाई पुनः सृष्टिको चाहना भयो र सर्वप्रथम जलको सृष्टि गर्नुभयो भन्ने कुरा मत्स्यपुराणमा उल्लेख गरिएको छ । जलमा शेषनागमाथि शयन गर्नुहुने भगवान्को इच्छानुसार प्रकृतिबाट जगत्को सृष्टि भएको कुरा धेरै पुराणमा वर्णन गरिएको छ । पौराणिक कथनअनुसार सृष्टिको प्रथम र महत्त्वपूर्ण वस्तु जल नै भएको र यसको ऊर्जाबाट सम्पूर्ण जगत्प्रपञ्च फैलिइरहेको कुरा स्पष्ट हुन्छ । जलको आयतनक्षेत्र नै पृथ्वीमा सबभन्दा बढी छ । आजका भूगर्भशास्त्रीहरू पनि यस पृथ्वीलाई पानीमाथि अडिएको ढुङ्गा झैं मान्दछन् ।

शुरू शुरूमा पृथ्वी जलमा नै बगेको र कूर्मरूपी जनार्दनले आफ्नो पिठ्यूमा अड्याएर स्थिर गराएको अवस्थामा भगवान्ले नै शेषरूप धारण गरेर विष्णु भगवान्को रक्षा गरेको कुरा कालिकापुराण (२७/१०–३०)मा उल्लेख गरिएको छ । जलले नै सम्पूर्ण प्राणीहरूलाई उत्पत्ति, स्थिति र प्रलयकालसम्म अमृतको रूपमा जीवन प्रदान गरिरहेको हुन्छ । त्यसैले सृष्टिमा जललाई अति उत्तम मानिएको छ ।

सुभाषित रत्नभण्डागारमा भनिएको छ–

पृथिव्यां त्रीणि रत्नानिजलमन्नं सुभाषितम् ।
मूढैः पाषाणखण्डेषु रत्नसंज्ञां विधीयते ॥

अर्थात् पृथ्वीमा सुभाषित वचन, अन्न र जल यी तीनलाई अमृत भनेर विशेष रूपले मानिन्छ । मूर्खहरूले भने ढुङ्गामा रत्न खोज्ने गर्छन् । यसरी महत्त्वपूर्ण जलराशिद्वारा यो भूमण्डल परिवेष्टित छ । सबैभन्दा ठूलो वस्तु पनि जलराशि समुद्र नै हो । यो सात भागमा विभक्त छ । त्यसैले पृथ्वीमा सात समुद्रहरू छन् ।

श्रीमद्भागवत्महापुराणको पञ्चमस्कन्दमा उल्लेख भएअनुसार प्रियव्रत राजाले रथमा बसेर सात पटक पृथ्वीको परिक्रमा गर्दा रथको पाङ्ग्राले बनाइएका सात खाडल नै पृथ्वीका सात समुद्र भएका हुन् भनिएको छ । ती समुद्र– क्षारोद, इक्षुरसोद, सुरोद, घृतोद, क्षीरोद, दधिमण्डोद र शुद्धोद हुन् । तर यी समुद्रहरूको जलपान गर्न लायक छैन । यी समुद्रमा मिसिने नदीहरूको जल भने पिउनलायक मानिन्छ । अहिले समय परिवर्तनसँगै यी समुद्रहरूको नाम पनि परिवर्तन भएको छ ।

प्रायशः आर्यावर्तभूमि नेपालका नदीहरूको जल पवित्र एवम् शुद्ध भएको र तिनका सम्पूर्ण स्थानमा रहेका विभिन्न तीर्थलाई पवित्र मानेर धार्मिक पर्वहरूमा स्नान, देवदर्शन र पितृ तर्पणको लागि मानिसहरूको भीड लाग्नेगर्छ । त्यसमा पनि सप्तगण्डकीका पौराणिक सन्दर्भहरू अत्यन्त मननीय तथा मुक्तिदायक छन् । तिनमा पनि कृष्णागण्डकीको मुहानलाई सर्वोत्तम मुक्तिक्षेत्र मानिन्छ । संसारका जति तीर्थ घुमे पनि अन्तमा मुक्तिप्राप्त गर्नको लागि मुक्तिनाथधाम जानुपर्छ भनिएको छ । किनकि यहाँ भगवान् मुक्तिनाथ मुक्तिदाताको रूपमा विराजमान हुनुहुन्छ । यहींबाट संसारकै पवित्र शालग्रामचक्रनदी कृष्णागण्डकी प्रादुर्भाव भएर बगेकी छन् । यी नदी संसार मै सर्वोत्तम मानिन्छिन् । अतः कृष्णागण्डकी प्रस्रवण क्षेत्रका ऐतिहासिक तीर्थहरू घुम्ने गरौं । ❖

छत्रकोट गा.पा. ४, गुल्मी
हाल च.न.पा. ७, वाणस्थली

दिव्यचरित्र : हिडिम्बा

डा. कान्ता भट्टराई

वारणावतमा रहेको लाक्षगृहबाट बाँच्न सफल भएका पाण्डव र कुन्ती घनघोर जङ्गलमा पुग्दछन् । पीपल वृक्ष मुनी भूमिमा शयन गरेका उनीहरू रहेको वन नजिक साल वृक्षलाई आश्रम बनाएर हिडिम्ब नामक राक्षस पनि बस्दथ्यो । क्रुर र मनुष्यमांस भोजी हिडिम्बले पाण्डवलाई देख्यो । धेरै दिनपछि मनुष्यको मासु खान पाइने भयो भनेर प्रसन्न हुँदै उसले हिडिम्बालाई भन्यो–

उपपन्नश्चिरस्याद्या भक्षोऽयं मम सुप्रियः ।

(महाभारत, आदिपर्व हिडिम्बवध पर्व १५१/८)

'दीर्घकालपछि मैले मनुष्यको भोजन गर्न पाउने भएँ । तिमी गएर पत्ता लगाऊ; यिनीहरू को हुन् ? किन यो वनमा आएका हुन् ? तिमीले यिनीहरूलाई मारेर लिएर आऊ । यो मेरो आज्ञालाई तुरुन्त पालना गर ।'

दाजुको आज्ञा शिरोधार्य गरी खुशी हुँदै हिडिम्बा पाण्डवहरू कहाँ गई जहाँ कुन्ती, युधिष्ठिर, अर्जुन, नकुल र सहदेव शयन गरिरहेका थिए । महान् बलशाली भीमसेनलाई उनीहरूको सुरक्षा गरिरहेको देखी । भीमसेनमा रहेको दिव्य सुन्दरतालाई देखेपछि त्यो राक्षसी मुग्ध बनी । उनलाई प्राप्त गर्ने चाहना राक्षसीमा जागृत भयो । तेजस्वी, कमलजस्ता विशाल आँखा, श्याम सुन्दर यिनी नै मेरो निम्ति पति बन्न उपयुक्त हुन सक्छन् भन्ने उसले ठानी । कुन्ती र पाण्डव देखेपछि उसमा दिव्य भाव जागृत भयो ।

हिडिम्बालाई दाजु हिडिम्बको विचार क्रुर भएकाले उसको आज्ञा पालना नगर्ने विचार आयो । उसलाई पति प्रेम ज्यादै प्रबल हुन्छ । यी सबैलाई मारेर खाँदा केही क्षण मात्र तृप्ति प्राप्त हुने तर सबैलाई जीवित राख्दा धेरै कालसम्म सुख र आनन्द भोग्न पाइने भावना पलाउँदै गए ।

सती साध्वी कुन्ती, धर्मका प्रतीक स्वरूप युधिष्ठिर, देवस्वरूप भीमसेन, अर्जुन, नकुल र सहदेवलाई देख्नासाथ अरूलाई मार्ने दुःख दिने राक्षसी प्रवृत्ति हटेर राक्षसी भए पनि हिडिम्बामा देवभाव प्रकट भयो । भनिएको पनि छ–

साधूनां दर्शनं लोके सर्वसिद्धिकरं परम् ।

(श्रीमद्भागवत माहात्म्य १/७९)

सन्त, साधुहरूको दर्शन प्राप्त गर्नु नै सर्व सिद्धिको परम कारण हो । उसलाई लाग्यो पतिको जस्तो सौहार्द दाजु-भाइमा हुन सक्दैन ।

पतिस्नेहोऽतिबलवान् न तथा भ्रातृसौहृदम् ।

(महाभारत, हिडिम्बवधपर्व १५१/१९)

हिडिम्बा मायावी विद्याकी जानिफकार थिई । ऊ इच्छा अनुसार दिव्य रूप धारण गर्न सक्दथी । उसले दिव्य मानवी रूप धारण गरी र भीमसेन समक्ष उपस्थित भई 'तपाईं को हुनुहुन्छ, कहाँबाट आउनु भएको हो ? यी देवी को हुन् ? यी सबै आफ्नो घरमा निर्भयताका साथ रहेझैं यो वनमा पनि त्यसरी नै सुतिरहेका छन् । यो घना वन राक्षसहरूको वासस्थान हो । यहाँ पापी हिडिम्ब राक्षस बस्दछ । ऊ मेरो दाजु हो तर ऊ दुष्ट स्वभावको भएकाले तपाईहरूलाई मारेर यहाँ ल्याउनु भनेर मलाई आज्ञा दिएको छ' भनेर बताई । मैले जब देवकुमारमा झैं हजुरलाई देखें मलाई पति बनाउने भावना जागेर आयो । मलाई पत्नीका रूपमा स्वीकार गर्नुहोस् । म सदा तपाईको भलो चाहन्छु । नरभक्षी हिडिम्बबाट हजुर लगायत सबैको रक्षा गर्ने छु । यदि तपाईले मलाई पत्नी बनाउनु भएन भने म बाँच्न सक्दिन भनी अनुनय गरी ।

भीमसेनले जेठा दाजु युधिष्ठिरको विवाह नभएकाले अहिले राक्षसीसँग विवाह गरेर परिवेत्ता नहुने अर्थात् निन्दनीय कार्य गर्न नसक्ने बताए । आफू बलशाली भए पनि आनन्दले शयन गरेका दाजु, भाइ र मातालाई असुरक्षित अवस्थामा छाडेर कतै पनि जान नसक्ने बताए । हिडिम्बाले भीमसेनलाई विश्वस्त बनाउँदै सबैलाई जागा गराउनुहोस् र आफू भीमसेनको आज्ञा अनुरूप चल्ने र दाजु हिडिम्बको

त्रासबाट मुक्त गराउने वचन दिई ।

भीमसेन शास्त्रका ज्ञाता थिए । उनले सुखपूर्वक शयन गरिरहेका माता, दाजु भाईलाई कसैको डर, धम्कीले नउठाउने बताए । भनिएको पनि छ–

निद्रा भङ्ग कथाच्छेदो दम्पत्योः प्रीतिभेदनम्
शिशुमातृविभेदश्च ब्रह्महत्यासमं स्मृतम् ॥

(श्रीमद्देवीभागवत १/५/२०)

निद्रामा व्यवधान पुऱ्याउन, पति-पत्नीका बीचमा भेद उत्पन्न गराउन, माता र पुत्रका बीचमा वैरभाव गराउन जसले षड्यन्त्र गर्दछ, उसलाई ब्रह्महत्या समान पाप लाग्दछ ।

भीमसेनले हिडिम्बालाई आफ्नो परिवारको रक्षाको निम्ति कसैको आवश्यकता नपर्ने, आफूमा भएको पराक्रमको अगाडि राक्षस, मनुष्य, गन्धर्व आदि टिक्न नसक्ने बताए । त्यस्तै हिडिम्बालाई तिम्रो जस्तो इच्छा छ त्यसै गर भने ।

उता हिडिम्ब राक्षस धेरै समयसम्म बहिनी नआएकीले ऊ जहाँ पाण्डव थिए त्यहाँ गयो । उसको भयावह स्वरूप देखेर डरले काम्दै हिडिम्बाले भीमसेनलाई आफूमा राक्षसी बल भएकाले सबैलाई बोकेर आकाशमा लिएर जाने बताई । भीमसेनले आफूमा यो एउटा राक्षस मात्र होइन सम्पूर्ण राक्षसलाई समाप्त पार्ने शक्ति भएकाले हिडिम्बालाई निर्भय हुन आश्वासन दिए । भीमसेन र हिडिम्बा बीचको वार्तालाप सुनेपछि र बहिनीले दिव्य सुन्दरी मानवी रूप धारण गरेको देख्ता ऊ क्रोधित बन्यो र साथै बहिनीले पतिको रूपमा देवस्वरूप मानवलाई वरण गर्न खोजेको ठानी उसले भन्यो–

धीक् त्वामसति पुंस्कामे मम विप्रियकारिणि ।
पूर्वेषां राक्षसेन्द्राणां सर्वेषमयशस्करि ॥

(महाभारत, हिडिम्बवध १५२/१८)

मनुष्यलाई पति बनाउने इच्छा गरेर मेरो अप्रिय गर्ने दुराचारिणीलाई धिक्कार छ । तैले पूर्ववर्ती सम्पूर्ण राक्षस कुलमा कलंक लगाउने भइस् । आफ्नो आश्रयमा रहेर हित विपरीत कार्य गरेकीले सबैलाई मार्ने उद्देश्यले भीमसेन र हिडिम्बामाथि आक्रमण गऱ्यो ।

शास्त्रानुसार चल्ने भीमसेनले 'न स्त्रियं हन्तु मर्हसि' हिडिम्बा स्त्री भएकीले उनलाई मार्नु अनुचित हुन्छ । तेरो आज्ञाले यहाँ आए पनि मलाई कुनै युवतीले पतिको रूपमा प्राप्त गर्ने चाहना राख्नु तेरो अपराध गर्नु होइन । म तँलाई मारेर यो पवित्र वनलाई राक्षस विहीन बनाउँछु र वनवासी मनुष्य निर्भय भएर यो रमणीय वनमा विचरण गर्न पाउनेछन् भने ।

हिडिम्बले सबैलाई मार्ने धम्की दिँदा भीमसेनले मस्त निदाएका आमा र दाजु भाइको निद्रा बिथोलिन्छ भनेर उसलाई केही टाढा लगे । यी दुईका बीच भयङ्कर युद्ध भयो । उनीहरूको गर्जनाले कुन्ती लगायत पाण्डवहरू ब्युभिए । सबैले दिव्य सुन्दरी हिडिम्बालाई देखे । सबैलाई प्रणाम गरेर उसले मानवोचित व्यवहार गरी ।

कुन्तीले हिडिम्बाको दिव्य स्वरूप देखेर उसलाई देवकन्या, वनदेवी या स्वर्गकी अप्सरामध्ये तिमी को हौ ? किन यहाँ आएकी भनेर सोधिन् । हिडिम्बाले यो विशाल वन हिडिम्ब र आफ्नो निवासस्थान रहेको, आफू हिडिम्ब राक्षसको बहिनी भएकाले कुन्ती सहितलाई मार्नका निम्ति आफूलाई पठाएको तर कुन्तीका पुत्र भीमसेनलाई देखेपछि पतिको रूपमा वरण गरेको बताई । आफूले सबैलाई बोकेर अन्यत्र जाने भन्दा तपाईका पुत्रको स्वीकृति नपाएकीले अन्यत्र जान नसकेको भनी । तपाईहरूको निद्रा भङ्ग नहोस् भनेर भीमसेनले त्यो राक्षसलाई केही टाढा लिएर गएको पनि बताई ।

बलशाली भीमसेनले हिडिम्बलाई मारेपछि पाण्डव हर्षित बने । वनलाई पनि मङ्गलमय बनाए । त्यो वन वनवासी मनुष्यका लागि निर्भयतापूर्वक बस्न योग्य बन्यो । अर्जुनको सल्लाह बमोजिम उनीहरू वनबाट नगरको खोजी गर्दै अगाडि बढे । हिडिम्बा पनि उनीहरूसँगै हिंडी र पाण्डवहरू समक्ष गएर कुन्ती र धर्मराजलाई प्रणाम गर्दै आदरपूर्वक भीमसेनलाई आफ्नो दाजुको क्रुरतापूर्ण व्यवहारलाई बिर्सेर तपाईको आज्ञाको पालना गर्नेछु र सेवा गर्न चाहन्छु भनी ।

यसरी हिडिम्बाले कुन्ती लगायत पाण्डवलाई विश्वस्त बनाउन खोजे पनि भीमसेनमा समयमा अपनाउनु पर्ने सजगता प्रशस्त रूपमा रहेकाले उनले हिडिम्बाको प्रेम प्रस्तावलाई स्वीकार गरेनन् । राक्षस तथा दुष्टहरू मोहनी मायालाई आश्रय बनाएर धेरै समयसम्म पुरानो वैरभावलाई स्मरण गरिरहन्छन् । झन् हिडिम्बाको दाजुलाई नै आफूले मारेको हुनाले भीमसेनलाई आफू तथा पाण्डवप्रति नै षडयन्त्र रचिन सकिने हुनाले हिडिम्बालाई विश्वास नगरी उसको वध गर्न तत्पर हुँदा युधिष्ठिरले 'मा स्म स्त्रियं वधीः स्त्री वध कदापि उचित हुँदैन भनी सम्झाए । हिडिम्बले त

पाण्डवलाई मार्ने उद्देश्यले आएको हुँदा उसलाई मार्नु उचित थियो किनकि शरीरगुप्त्यम्यधिकं धर्म गोपाय पाण्डव शरीर रक्षाभन्दा धर्मको रक्षा हिडिम्बालाई बचाउँदा श्रेयस्कर हुने बताए ।

पाण्डवबाट आफ्नो मनोकांक्षा पूर्ति नहुने ठानी हिडिम्बाले कुन्ती समक्ष गएर भीमसेनको निम्ति आफूले आफन्त स्वधर्म (राक्षसी धर्म) त्यागेको बताउँदै यदि आफूले भीमसेनलाई पतिको रूपमा नपाएमा आफू बाँच्न नसक्ने भएकाले सेविकाको रूपमा कृपा गर्नको निम्ति अनुनय गरी । हिडिम्बाले कुन्तीलाई विश्वस्त बनाउँदै भीससेनलाई मनले पतिको रूपमा वरण गरिसकेकाले उनलाई आफूले चाहेको ठाउँमा लाने र उचित समयमा आफूलाई स्मरण गर्ने बित्तिकै हजुरहरू समक्ष उपस्थित गराउने वचन दिई । आफू निशाचरी नभएर राक्षसकुलकी सुशीला कन्या भएको र आफ्नो नाम शालकटङ्कती भएको बताई । दैवीकान्तिले युक्त हिडिम्बाले सदा सजगताका साथ सबैको सेवा गर्ने, सङ्कटबाट बचाउने, दुर्गम स्थानमा पनि बोकेर पुऱ्याउन सक्ने क्षमता आफूमा भएकाले पुत्रवधूका रूपमा स्वीकार गर्न आग्रह गरी ।

हिडिम्बाको जन्म राक्षस कुलमा भएता पनि उसमा उच्च मानवतावादी दृष्टिकोण रहेको पाइन्छ ।

धर्मार्थकाममोक्षेषु दयां कुर्वन्ति साधवः (महाभारत ऐ. १५४/१६)

सज्जन व्यक्ति धर्म, अर्थ, काम र मोक्षको सिद्धिका निम्ति शरणागत माथि दया गर्दछन् । धर्मानुरागीहरू दयालाई नै श्रेष्ठ धर्म मान्ने भएकाले आफूलाई कृपा गर्नुपर्ने विचार राखी ।

हिडिम्बामा दिव्य ज्ञान भएकाले भूत र भविष्यको घटनालाई पनि प्रत्यक्ष रूपमा देख्न सक्ने खुबी रहेको पाइन्छ। उसले भविष्यका कुरा बताउँदै कुन्ती तथा पाण्डवलाई वनवासको यात्राको क्रममा आफूहरू रहेको ठाउँबाट केही पर शालिहोत्र मुनिको आश्रममा विश्राम गर्ने, केही समय त्यही बिताउनु पर्ने, त्यहीं महर्षि वेदव्यासको दर्शन तथा अमृत वचनबाट तपाईहरू शोकमुक्त हुनु हुनेछ भनेर बताई ।

यसैगरी विगतका घटना बताउने क्रममा दुर्योधनले हस्तिनापुरबाट निकालेको, वारणावतमा बसेको, घर जलाइएको, विदुरको सत्प्रयासबाट सबै जना सुरक्षित रूपबाट बाहिर निस्कन सफल भएको कुरा सबै भनिदिई ।

हिडिम्बाले वाणीद्वारा श्रेष्ठ धर्मको प्रतिवादन गरेकीले कुन्ती ज्यादै प्रभावित हुन्छिन् । उनले पुत्र युधिष्ठिरलाई सन्तान प्राप्त नहुन्जेलसम्म वीर भीमसेन हिडिम्बासँग रहून भनेर सम्मति दिन भन्दछिन् । युधिष्ठिरले हिडिम्बालाई सत्मार्गमा विचलित नभई माङ्गलिक भेषभूषा धारण गरेका भीमसेनसँग सूर्यास्त पूर्वसम्म अर्थात् दिनभर आफ्नो इच्छानुसार विहार गर्ने तर राति सधैं भीमसेनलाई आफूनेर (आश्रममा) ल्याउने, सदा यिनको रक्षा गर्ने, अनुकूल रहने र गर्भवती नहुँदासम्म बस्ने यी नियमहरूका बारेमा जानकारी गराए ।

कुन्ती, पाण्डव र हिडिम्बा शालिहोत्र मुनिको आश्रममा पुगे । हिडिम्बाले मुनिको आश्रममा कुचो लगाउने, सफा सुग्घर गर्ने आदि कामहरू गर्न थाली । पाण्डव बस्ने पर्णशालाका साथै कुन्ती र आफू बस्ने कुटी बनाई । शालिहोत्र मुनिले भोजनको व्यवस्था गरे । सबै जना आफ्नो विश्रामस्थलमा आएर विगतदेखि वर्तमानसम्मका विषयमा चर्चा गरे । कुन्तीले भीमसेनलाई आज्ञा दिंदै हिडिम्बाबाट पुत्र जन्मउँदा कल्याण हुने भएकाले यस विषयमा प्रतिवाद नगर्न भनिन् । भीमसेनले माता कुन्तीको आज्ञा सदा शिरोधार्य गर्ने बताउँदै सबैको सामुन्ने हिडिम्बालाई 'यावत् कालेन भवति पुत्रस्योत्पादन शुभे । तवत् कालं गमिष्यामि त्वया सह सुमध्यमे ।' जवसम्म तिमीबाट पुत्र जन्मदैन तबसम्म म तिम्रो साथमा बस्नेछु भनेर बताए ।

भीमसेनको आज्ञा सदा पालना गर्ने भन्ने वचन दिएर हिडिम्बा उनलाई लिएर आकाशमा उडी र रमणीय पर्वत, देवस्थल, वन, सरोवर, नदी-द्वीप, कुञ्ज, गुफा, समुद्र आदि स्थानमा दिव्य आभूषण लगाई सुन्दर मानवीरूप धारण गरेर भीमसेनसँग रमण गरी । भीमसेनलाई पनि आनन्दित दिलाउँदै ऊ विचरण गर्दथी । हिडिम्बाबाट केही समय पछि महान् बलवान् पुत्र जन्मियो । नवजात शिशु भए पनि उसका विकराल आँखा, विशाल मुख, तीखा दाह्रा, महान् वेग, पराक्रम, साहस, धैर्य, विशाल शरीर भएकाले हेर्दा पनि भयङ्कर लाग्दथ्यो । ऊ महान् महामायवी राक्षस भएकाले शत्रु दमन सजिलै गर्न सक्ने देखिन्थ्यो । मनुष्यबाट जन्मे पनि उसको आकृति अमानुषिक थियो । शिशु अवस्थाको भए पनि युवक जस्तो विशालकाय देखिन्थ्यो । सानै उमेरमा अस्त्र-शस्त्रमा निपूणता प्राप्त गरेको थियो ।

राक्षसीहरूको विशेषता यही हो कि गर्भधारण गर्नासाथ शिशुलाई जन्म दिई हाल्छन् । त्यसैले त्यो शिशु पनि आमा

हिडिम्बाझैं इच्छा अनुसार रूप धारण गर्ने र आफ्नो स्वरूप परिवर्तन गर्न सक्दथ्यो । जन्मनासाथ त्यो बालकले माता पिताको चरण कमलमा प्रणाम गऱ्यो । माता-पिताबाट आशीर्वाद प्राप्त त्यो बालक प्रसन्न मुद्रामा रहन्थ्यो । उसको शिरमा कपाल नउम्रिएकोले उसको माता पिताले 'घट' शिर 'उत्कच' केश रहित भएकाले 'घटोत्कच' राखे ।

पूर्व प्रतिज्ञा अनुसार हिडिम्बा र भीमसेन पुत्रलाई लिएर जहाँ कुन्ती र पाण्डव बसेका थिए त्यहाँ आए । राक्षसी भए तापनि हिडिम्बाबाट सत्य धर्मको पालना भएको देख्ता सबैमा आनन्दको अनुभूति भयो । घटोत्कच मान्यजनको आज्ञा पालन गर्दथ्यो । ऊ सबैको प्रिय भयो । हिडिम्बाले अब भीमसेनसँग बस्ने निर्धारित समय समाप्त भएकाले आवश्यक पर्दा उपस्थित हुने प्रतिज्ञा गरेर आफ्नो वासस्थानमा हिंडी । घटोत्कचले पनि सबैलाई प्रणाम गरेर भने-

किं करोम्यहमार्याणां निः शङ्कं वदतानधाः ।

'मेरो कर्तव्य के हो ? म हजुरहरूको सेवा गर्न चाहन्छु' भन्दा कुन्तीले कुरूकुलमा भीमसेनका पुत्रका रूपमा जन्मेकाले उनी समान प्रिय पाँच पाण्डवका जेठा छोरा भएकाले तिमीले हामीलाई परेको बेलामा सहयोग गर्नुपर्दछ भनिन् ।

घटोत्कचले आफू रावण र मेघनादभन्दा विशालकाय र पराक्रमी भएको बताउँदै आफ्नो आवश्यकता जुन बेलामा पर्दछ, स्मरण गर्नासाथ उपस्थित भएर पितृवर्गको सेवा गर्ने वचन दिई पाण्डवहरूसँग आज्ञा लिएर हिंडे ।

महाभारतमा घटोत्कचवध पर्व जो तीस अध्यायमा समेटिएको छ । महाभारत युद्धमा कर्णसँग सामना गर्न सक्ने अर्जुन र घटोत्कच मात्र भएकोले र उनी भीम झैं पराक्रमी राक्षसी विद्याले परिपूर्ण, अस्त्र-शस्त्र विद्यामा पारङ्गत भएको श्रीकृष्णले अर्जुनलाई बताउनु भएको छ ।

कुन्तीले स्मरण गर्नासाथ घटोत्कच कवच, धनुष, वाण, खड्ग धारण गरी युद्धभूमिमा उपस्थित भए । श्रीकृष्ण र पाण्डुपुत्र अर्जुनलाई प्रणाम गरी आफू सेवामा उपस्थित भएको र गर्नुपर्ने कर्तव्य बताउन विनम्र आग्रह गरे । श्रीकृष्णले बन्धुमाथि आइपरेको सङ्कट हटाउन तिमी नौका बनी राक्षसी मायाबाट शत्रुलाई परास्त गर भने । घटोत्कचले पनि राक्षस धर्मलाई आश्रय बनाई संहार गर्ने वचन दिए । युद्धभूमिमा पनि घटोत्कच पाण्डवको हितमा तत्पर हुन्थे । उसले अलम्बुष, कर्ण तथा कौरव सेनालाई आफ्नो महान् पराक्रमले भयभीत बनायो । घटोत्कचबाट पीडित कौरव सेना विक्षुब्ध बन्न पुग्यो । कर्णसँगको युद्धमा घटोत्कचले उनका दिव्यास्त्रलाई काटिदियो । कहिले उनको दिव्यास्त्रलाई नै ग्रास बनाउँथ्यो । घटोत्कच युद्धभूमिमा शत्रुपक्षलाई भयभीत बनाउन कहिले सय शिर भएको विशाल रूप धारण गरेर मायाबाट पृथ्वी, आकाश तथा सम्पूर्ण दिशामा विचरण गर्दथ्यो । कर्णलाई उसले रणभूमिमा आफ्नो पराक्रमद्वारा हायल कायल बनाएको थियो ।

विशालकाय, डरलाग्दो स्वरूप भएको घटोत्कचले आफ्नो माया तथा शस्त्रबाट कर्णको शरीर विदीर्ण गर्नुका साथै दिव्यास्त्रलाई पनि नष्ट गरिदिएको थियो । सूर्य पुत्र कर्ण र भीमसेन पुत्र घटोत्कच बीचको युद्ध आकाशमा राहु र सूर्यको झैं प्रतीत हुन्थ्यो । उसले मायाबाट विकराल रूप धारण गरी कौरवका सेनालाई नष्ट गऱ्यो ।

घटोत्कचको महान् पराक्रमबाट दुर्योधनका सेना आर्तनाद गर्दै रणभूमिबाट भागेको देखेपछि कौरवले कर्णलाई इन्द्रबाट प्राप्त शक्तिले घटोत्कचलाई मारी हाल नभए यसले धृतराष्ट्रका सम्पूर्ण पुत्रहरू र कौरव सेनालाई नष्ट गर्नेछ भने । कर्णले आफ्ना सेना भयभीत भएको देखेर इन्द्र प्रदत्त वैजयन्ती नामक शक्ति जसलाई उनले अर्जुनको वधको निम्ति धेरै वर्षदेखि सुरक्षित राखेका थिए । त्यही शक्ति घटोत्कच माथि छेडे । उनले वीरगति प्राप्त गरे । घटोत्कचले वीरगति प्राप्त गर्नु अगाडि शत्रुहरूलाई संहार गर्नका निम्ति आफ्नो शरीर बढाएर पर्वत र बादल समान लामो र चौडा बनाई भीषण स्वरूप धारण गरी कौरवको ठूलो सेनाको जत्थालाई शरीरको भारले थिचेर माऱ्यो । यसरी भीमसेन तथा हिडिम्बा पुत्र घटोत्कचले समराङ्गणमा वीरता प्रदर्शन गर्दै पाण्डवहरू माथि आई लागेको मृत्युलाई आफूले वरण गरी पुत्रको कर्तव्य निर्वाह गरेकाले उसको दिग्दिगान्तरसम्म वीरताको प्रशंसा भइ नै रहनेछ ।

अद्भूत चरित्रकी हिडिम्बाको नामबाट हेटौंडा नाम रहेको जनश्रुती पाइन्छ । वनवासमा पाण्डव बसेको हालको हेटौंडा नजिकको जङ्गल भएको र कुष्माण्डा भगवतीको उपासनाबाट शक्ति प्राप्त गरी आफ्नो लक्ष्य पूरा गरेको मान्यता छ । वर्तमानमा हेटौंडाको कुष्माण्डा सरोवर त्रिवेणी धामको स्थापना यसैकारणबाट गरिएको हो । तसर्थ दिव्य र अद्भूत चरित्रकी हिडिम्बा बारे अनुसन्धान गर्दै जानु जरूरी छ । ❖

-अनामनगर, काठमाडौं



श्री नीलकण्ठ बाबाधाम

–भागवतश्री न्यौपाने

नेपाल अनेकौं देवीदेवता, ऋषि, महर्षि, सन्त, महात्मा तथा विदूषीहरूको दिव्य भूमि हो । पावन तपस्थली हिमालयदेखि अन्नक्षेत्र तराईसम्मका कैयौं स्थानहरूमा स्वयं प्रकट हुनुभएका देवीदेवताका भौतिक स्वरूपहरू देख्न पाइन्छ । आफ्नो अटूट साधना, तपस्या, ईश्वरप्रतिको भक्ति र समर्पणबाट यस देवभूमिमा अनेकौं साधकसाधिकाहरूद्वारा त्यस्ता दैवीय स्थानहरू पत्ता लगाई, उत्खनन गरी भगवान्‌का अनेक स्वरूपहरू यस लोकका भक्तहरूलाई दृष्टिपात

गराइदिने परम्परा पुरानै हो । त्यस्तै अनेक स्वरूपहरूमध्ये एक हो बुटवल, दीपनगर-७ स्थित श्रीनीलकण्ठ बाबाधाम ।

वि.सं. २०६० सालसम्म भिरालो पहाडी वनक्षेत्र मात्र रहेको यस स्थानमा आज अनेकौं मन्दिर, अखण्ड यज्ञशाला, गौशाला र गुरूकुल बनेका छन् । त्यस पहाडको गर्भमा विराजमान हुनुभएका श्रीनीलकण्ठ भगवान्‌लाई बाहिर ल्याई सम्पूर्ण जनमानसलाई दर्शन सुलभ पारिदिनुहुने साधिका हुनुहुन्छ आध्यात्मिक मार्गदर्शकका रूपमा चिनिनुभएका बुटवल सुखनगर निवासी माता देवमाया भट्टराई ।

अत्यन्त आध्यात्मिक स्वभावकी माताजी सानैदेखि भगवत्‌भक्तिको मार्गमा हिँड्नुभएको हो । माताजीले ९ वर्षको उमेरदेखि नै सन्तोषीमाताको व्रत बस्न शुरू गरी आफ्नो आध्यात्मिक स्वभाव र साधनाको परिचय दिन शुभारम्भ गर्नुभएको हो । तत्पश्चात उहाँको भक्ति र आराधनाको प्रभावले भगवती माताले सपनामा आई दर्शन दिने र भोलि के गर्नुपर्ने हो सो सम्बन्धी आवश्यक निर्देशन दिन थाल्नुभयो । यसो गर्नाले उहाँको माताप्रतिको भक्ति र समर्पण अझ बढ्दै जानथाल्यो ।

समय बितेसँगै सन्तोषी माता साक्षात् प्रकट भई उहाँलाई दर्शन दिने र वार्तालाप गर्न थाल्नुभयो । माताले सोध्ने हरेक प्रश्नका उत्तर सन्तोषी माताले दिन लाग्नुभएपछि उहाँले आफूलाई सन्तोषी माताले शरणमा समर्पित गर्नुभयो । र, आफ्नो जीवन उहाँकै निर्देशन बमोजिम बिताउन लाग्नुभयो ।

यसै सन्दर्भमा माता देवमाया भट्टराईलाई स्वयं सन्तोषी माताले त्यस क्षेत्रमा जमिनमुनि रहेका विभिन्न देवमूर्तिहरूको दर्शन गराउन दिव्यदृष्टि प्रदान गरी परिचित गराउनुभयो । त्यो शुभ दिन २०६० सालको मङ्सिर १२ गते विवाहपञ्चमी थियो । त्यस भिरालो जङ्गलमा यति धेरै देवदेवीका मूर्ति छन् र त्यसको दर्शन गर्न पाइएला भनी त्यस अघि कसैले पनि सोचेका थिएनन् । त्यस अवसरमै भगवान् नीलकण्ठ महादेवसमेत स्वयं प्रकट भई भगवान् सत्यनारायणको पूजा गरी यस पवित्र धामलाई सम्वर्धन र संरक्षण गर्न अनुरोध गर्नुभयो । माताले सत्यनारायण भगवान्‌को निर्देशन बमोजिम फाल्गुण २३ गते विशिष्ट पण्डितहरू उपस्थित गराइ तिनका माध्यमद्वारा सत्यनारायण अनुष्ठान सुसम्पन्न गराउनुभयो ।

यस पूजा अनुष्ठानपश्चात माताजीमा दैवीय शक्तिको अझ बढी आभिर्भाव हुनथाल्यो । यसै क्रममा २०६० चैत २ गते सोमबार दिउँसो नवमी तिथि सकिएर दशमी तिथि

लाग्ने बेलाका दिन माताजी घरमा रहेको मन्दिरमा पूजा गरिरहेको अवस्थामा भगवान् विष्णु र नीलकण्ठ महादेव दुबैले शिलामय प्रतिमाबाट बाहिर निस्केर सशरीर दर्शन दिनुभयो । यस्तो अभूतपूर्व प्रत्यक्ष दर्शन करिब १ घण्टासम्म भइरह्यो । तत्पश्चात देवद्वयले माताजीलाई 'हे पुत्री ! तिम्रो घरमा कमी भएको दुईवटा चीज आज हामी दिँदैछौं; हात थाप' भनेर अमूल्य दुर्लभ पदार्थ प्रसादको रूपमा प्रदान गर्नुभयो । माताजी हर्षविभोर भई हर्षाश्रु प्रकट गरी भक्तिमा लीन हुनुभयो । भगवान् स्वयं प्रकट भई प्रदान गर्नुभएका ती दिव्य प्रसाद रत्नहरू माताजीमार्फत श्रद्धालु भक्तजनलाई एकादशी, आरती र पूर्णिमाको दिनमा दर्शन गराउने व्यवस्था गरिएको छ ।

त्यस अपूर्व दर्शनका क्रममा नीलकण्ठ शिवले त्यस पवित्र क्षेत्रलाई मेरो शरीरको मध्यक्षेत्र हो भनेर देवमाया मातालाई जानकारी गराउनुभयो । साथै पशुपति शिरोभाग र स्वर्गद्वारी पाउ हो भनेर समेत माताजीको सामुन्ने भन्नुभएको थियो । यी तीन क्षेत्र अत्यन्तै पवित्र र आध्यात्मिक ऊर्जाले भरिएको हुँदा यहाँ नीलकण्ठधाम बनेर त्यहाँको घण्टी बजेपछि देशमा हिंसाको अन्त्य भई शान्ति छाउने वाणी समेत प्रकट गर्नुभयो । त्यसै क्रममा भगवान्को प्रत्यक्ष निर्देशन बमोजिम नै २०६१ वैशाख ४ गते मन्दिरको शिलान्यास भई २०६२ साल फागुनमा उक्त मन्दिरको प्राणप्रतिण्ठा सम्पन्न भई आजको अवस्थामा आइपुगेको हो । यस धरामा दर्शन नीलकण्ठ महादेव (शिव) को दर्शन उपासना र आराधनाका लागि यो स्थान अलौकिकपूर्ण रहेको छ ।

भगवान् शिवलाई नीलकण्ठ भनिनुको प्रमुख कारण समुद्रमथनको घटनासँग जोडिएको छ, जसको वर्णन बिभिन्न हिन्दु धर्मग्रन्थमा उल्लेख गरिएको पाईन्छ । समुद्रमथनको कथा श्रीमद्भागवत महापुराण, विष्णुपुराण, महाभारत जस्ता ग्रन्थमा गरिएको छ । समुद्रमथनका क्रममा अन्य बहुमूल्य बस्तुहरूसँगै कालकूट विष पनि निस्कियो जुन अत्यन्त घातक र प्रलयकारी थियो । यसले तीनैलोकलाई नाश गर्नसक्ने भएको हुँदा यसलाई रोक्न देवताहरू शिवको शरणमा गए । आशुतोष भगवान् शिवले जगज्जननी पार्वती समेतको आज्ञाले कालकूट विषलाई घाटीमै राखिरहनुभयो र उहाँको घाँटी नीलो हुनपुग्यो । त्यसैले उहाँको नाम नीलकण्ठ रहन गएको हो ।

'स भगवान् भूतभवन ! कृतवैशरणमस्त्रयः
दधार गरलं घोरं दृढ प्राणेषु नाक्षिवत् ।'

भनेर श्रीमद्भागवत महापुराणमा उल्लेख गरिएको छ । यसैगरी शिवपुराण संहितासार (अध्याय २३) मा पनि देवी पार्वतीको आग्रहमा शिवले विषलाई आफ्नो कण्ठमा धारण गर्नुभयो भन्ने कुरा लेखिएको छ ।

यसरी भगवान् शिवले विषपान गरी नीलकण्ठ हुनुभएको कुराले उहाँको त्याग, कर्तव्यपालना, संसारप्रतिको दायित्व र सहिष्णुतालाई प्रकट गर्दछ । नीलकण्ठ नामले भगवान् शिवालई संकटमोचन र संसारको संरक्षकको रूपमा

पनि स्मरण गर्न सकिन्छ । यो नाम शिवको त्याग, साहस र सहनशीलताको प्रतीक हो जसले जीवनका नकारात्मक तत्त्वलाई सहने र त्यसलाई नियन्त्रण राख्ने प्रेरणा दिन्छ ।

यसरी विषपानको प्रभाव कम गर्न भगवान् शिव नेपाल भूमिमा शयन गर्नुभयो । श्रद्धेय देवमाया माताजीलाई उहाँ स्वयंले भन्नुभए बमोजिम नै शयनका क्रममा अर्जुनले तपस्या गरी पाशुपतास्त्र प्राप्त गरेका शिरभाग पशुपतिनाथ, मध्य

भाग नीलकण्ठ बाबाधाम जहाँ कलियुगका मानिसहरूलाई कष्ट परेपछि शान्ति दिनका लागि स्वयं प्रकट हुनुभयो र पाउ भाग स्वर्गद्वारी जहाँ सत्ययुगमा ऋषिगणद्वारा शिवको आराधनामा यज्ञ गर्नुभएको थियो । यसरी देवभूमी नेपालका तीनवटा क्षेत्रहरू शिवको नीलकण्ठ स्वरूपसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् ।

भक्ति र साधनाको माध्यमद्वारा यसरी नीलकण्ठ बाबा र भगववान् शिवलाई धर्तीमा प्रकट गराई मन्दिर बनाई हामी सर्वसाधारणको लागि दर्शन गर्ने सौभाग्य प्रदान गर्नुहुने माता देवमाया आफैंमा स्तुत्य हुनुहुन्छ । भगवत्कृपाको विराट वरदान प्राप्त गर्नुभएकी माताजी अत्यन्त सामान्य देखिनुहुन्छ ताकि सर्वसाधारण श्रद्धालु भक्तजनहरूले उहाँसँग निर्धक्क आफ्ना कुराहरू राख्न सकून् । उहाँ साक्षात् सन्तोषीमाता र नीलकण्ठ बाबाको कृपास्वरूप हुनुहुन्छ ।

यसका साथै हरेक भक्तजनका दुःख, पिर, कष्ट र वेदनाहरूलाई सुनी, बुझी त्यसको निवारण गर्ने लोकोपकारी कर्म पनि स्वयं माताजी गर्नुहुन्छ । देवमूर्तिहरूसँग प्रत्यक्ष संवाद गर्नसक्ने अलौकिक शक्तिले युक्त श्रद्धेय माताजी हाल यस नीलकण्ठ बाबाधामकी प्रमुख संरक्षक हुनुहुन्छ ।

यस स्थानमा वि.सं. २०६२ साल फागुनमा प्राणप्रतिष्ठा गरेपश्चात हरेक वर्षजसो विभिन्न पुराण एवम् धनधान्याचल महायज्ञ हुँदैआएका छन् । श्री सन्तोषीमाता गुरूकुल, गौशाला, भोजनालय, अन्नपूर्णा मन्दिर, सन्तोषी माताको मन्दिर लगायतका संरचनाहरूको निर्माण एवम् तिनको सम्वर्धन गर्नका साथै वैदिक सनातन परम्पराको जगेर्ना गर्नका लागि यस किसिमका यज्ञ तथा अनुष्ठानहरूका निरन्तरता भएको हो ।

नीलकण्ठ शिव शयन गर्दाका शीर्ष, मध्य तथा पाउ भागका रूपमा रहेको पशुपति, नीलकण्ठ बाबाधाम तथा स्वर्द्वारीको दर्शन गरी जो मनुष्यले आफूले गरेको गलत कर्महरूको पश्चाताप सहित सत्य बयान गर्दै परमात्माप्रति

समर्पित हुन्छ उसको सम्पूर्ण पापहरू नष्ट भई शिवसायुज्य प्राप्त हुनेछ भन्ने वाणी स्वयं शिवले भन्नुभएको छ । तीन औंला आकारको प्रवाहमा बग्ने पवित्र तिलोत्तमा नदीको सान्निध्यमा रहेको पवित्र नीलकण्ठेश्वर बाबाधाम क्षेत्रको उत्खनन् गरी वैदिक सनतनीहरूलाई सुलभ दर्शन गराइ आत्मिक आनन्द र पारलौकिक सुखको मार्ग प्रसस्त गराइदिने श्रद्धेय देवमाया माताजीप्रति शत शत नमन् । हजुरहरू पनि एकपटक जाने होइन त पवित्र नीलकण्ठ बाबाधाम ?❖

-सेतोपुल, काठमाडौं

बालाचतुर्दशी पर्व :

प्रत्येक वर्ष मङसिर कृष्ण चतुर्दशीका तिथिमा मनाइने बालाचतुर्दशी पर्व यस वर्ष यही मङ्सिर १५ गते परेको छ । आफ्ना दिवंगत पितृहरूको सद्गतिका निम्ति त्रयोदशीमा रातभर दीप प्रज्वलन गरी भोलिपल्ट चतुर्दशीको विहान विभिन्न शिवालय परिसरमा शतविज (गहुँ, सर्स्यू, मकै, जौं, धान, वयर, अमला) छरी यो पर्व मनाइने चलन छ । बालाचतुर्दशीको दिन आराध्यदेव भगवान् पशुपतिनाथ विराजित पशुपति क्षेत्रमा ठूलो मेला लाग्ने गर्दछ । पौराणिक वर्णनहरूको आधारमा भन्नुपर्दा प्राचीनकालदेखि पशुपति क्षेत्रमा लाग्ने यो मेला क्रमशः अन्य शिवालयहरूमा पनि शुरूभएको आभाष मिल्दछ ।

बालाचतृर्दशीको सम्बन्ध पशुपतिनाथसँग रहेको कुरालाई हिमवत्खण्ड, नेपाल माहात्म्य तथा शिवपुराणहरूले वर्णन गरेका छन् । कैलाशबाट अन्तर्ध्यान भइ मृगरूपमा विचरण गरेका भगवान् शिवलाई खोज्ने हेतुले माता पार्वतीले शतबीज छर्नुभएको र शतबीज उम्रिएपछि हरियो विज खान मृगरूप शिवजीसहित अन्य मृग आएका र माता पार्वतीले शिवरूप मृगलाई चिन्नुभएको थियो भन्ने जनश्रुति छ । शतबीज छर्ने प्रचनल समेत त्यसै समयदेखि शुरू भएको मानिन्छ । हिमवत्खण्डको ४२ अध्यायमा मृगरूप लिएर भगवान् शिवले जहाँजहाँ घुमे, खाए, सुते, हिँडे र विहार गरे त्यो पुण्यक्षेत्र भएकाले त्यहाँ शतबीज छर्दा प्राणी मात्रको जीवन यापनका लागि चाहिने अन्य दान गर्ने मानव जातिले छरेको एक गेडा अन्न बराबर एक तोला सुनदान गरेको पुण्य मिल्ने बताइएको छ ।

त्रयोदशीका दिन राति पशुपतिक्षेत्र खासगरी कैलाश चौरमा दीप बालिदिएमा जीवात्मा कुनै कारणवश शून्यमा मार्ग नपाई अन्धकारमा भट्किरहेका भए पनि त्यस दीपको प्रकाशले मार्ग पाई पितृलोकमा जान सक्छन् र श्लेषमान्तक क्षेत्रमा शतबीज छर्दा एक गेडा अन्न बराबर एक तोला सुन दानको पुण्य मृतकलाई मिल्छ भन्ने धार्मिक जनविश्वास छ । शतबीज छर्दा सडकपेटी, मन्दिर प्राङ्गण लगायतका क्षेत्रमा होइन कि जंगल, चौर या त्यस्तै खुल्ला क्षेत्रमा छर्नुपर्दछ । शतबीज उम्रने खालको हुनुपर्दछ । हिजोआज शतबीजमा अन्य विभिन्न कन्दमुल मिसाइने चलन बढेको छ ।❖

देवघाटधाम तथा कुम्भपर्व

-प्रा. हरिप्रसाद अधिकारी

हिमालयको काखमा अवस्थित नेपाल देशलाई देवताहरूको भूमिको रूपमा सम्मान गरिन्छ । नेपाललाई भगवान् शङ्करको शिरको रूपमा स्वीकार गरिन्छ । वस्तुतः शङ्करको निवास स्थान नै हिमालय हो । नेपालमा शिवका धेरै नै स्थानहरू विद्यमान छन् । समुद्र मथनको प्रसङ्ग पनि नेपाल देशमा नै भएको हो भन्ने प्रसङ्ग शास्त्रहरूमा प्राप्त हुन्छ । साथै सम्पूर्ण नदीहरू हिमालयबाट नै उत्पन्न भई नेपालको भूमिलाई सिञ्चन गर्दै भक्तभागवतहरूको कष्ट हरण गर्दै समुद्रमा विलीन हुन्छन् । यस देवभूमिमा प्रवाहित हुने सम्पूर्ण नदीहरू कल्मषनाशिनी तथा मोक्षदायिनी रहेका छन् । जुन स्थान भएर नदी प्रवाहित हुन्छिन्, त्यसको एक कोशसम्म जन्मलिने सम्पूर्ण प्राणीवर्गहरू मोक्षलाई प्राप्त गर्दछन् । नदीको एक कोश भित्र विचरण गर्ने सम्पूर्ण प्राणीहरू मोक्षलाई आत्मसात् गर्न सफल हुन्छन् । यसै क्रममा भगवती कृष्णगण्डकीको तटमा अवस्थित देवघाटधामले पवित्रतम क्षेत्रका रूपमा प्रसिद्धि प्राप्त गरेको छ । यस विषयको उल्लेख स्कन्द महापुराणअन्तर्गत हिमवत्खण्डमा उल्लेख गरिएको छ –

शालग्रामसमीपे तु क्रोशभागं समन्ततः ।
कीटोऽपि म्रियते याति वैकुण्ठभवनं ध्रुवम् ॥

मनुष्यले जुन फल नैमिषारण्य, मथुरा, अयोध्या, प्रयाग तथा कुरूक्षेत्रमा सयौं पटक दर्शन गरी प्राप्त गर्दछ त्यो फल एक पटक देवघाटधाममा अवस्थित सङ्गममा स्नान गर्नाले प्राप्त हुनेछ । यस विषयमा पनि प्रमाण उपलब्ध रहेको छ –

प्रयागे शतधा स्नात्वा कुरुक्षेत्रे च नैमिषे ।
कृष्णाभायां सकृत्स्नात्वा फलं तुल्यं लभेन्नरः ॥

कृष्णगण्डकी तथा श्वेतगण्डकी गरेर दुई गण्डकीको उल्लेख पाइन्छ । श्वेतगण्डकी नामले त्रिशूलीलाई ग्रहण गरिन्छ । यी दुवै नदीको संगममा अवस्थित क्षेत्रलाई नै देवघाटधामको नामले सम्बोधन गरिन्छ । दुबै नदीको संगममा स्नानगर्नाले भक्तभागवतले अनन्त पुण्य प्राप्त गर्दछ । कृष्णगण्डकीको उद्‌गम स्थल दामोदर कुण्डलाई मानिन्छ ।

दाम संसरणं प्रोक्तं येन जन्तुर्निबध्यते ।
उदरम्भरिरित्यर्थं यथा सप्तिर्वरत्रया ॥
योऽयं वै सुगमोपायस्तादृशस्य विमुक्तये ।
तेन दामोदरं तीर्थं त्रिषु लोकेषु विश्वतम् ॥

दामोदरकुण्डबाट प्रवाहित हुँदै कृष्णागण्डकी परमपावन क्षेत्र श्रीमुक्तिनाथलाई अभिसिञ्चन गर्दै लाखौं जनमानसका पापहरूलाई प्रक्षालन गर्दै देवघाटधाममा प्रविष्ट हुन्छिन् । श्रीमुक्तिनाथधाममा अवस्थित कृष्णगण्डकीतटमा तर्पण तथा पिण्डदान गर्नाले एक्काईस कुलको उद्धार हुन्छ भन्ने पनि प्रमाण मिल्दछ । अर्थात् सात जन्ममा गरिएका पापहरू पनि नष्ट हुन्छन्, शास्त्रमा भनिएको पनि छ–

मुक्तिहेतोः कृतो यज्ञो ब्रह्मणा सुमृतां परः ।
मुक्तिक्षेत्र इति ख्यातस्तस्माल्लोके घयेद्‌भवः ॥
तत्राल्पवति यो भक्त्या मुक्तिमाप्नोति तत्क्षणात् ।
सप्तजन्मार्जितैः पापैर्मुक्तोऽसौ नात्र संशयः ॥

अब विचारणीय कुरा यस्तो रहेको छ कि, यो देवघाट शब्दको निर्माण कसरी भयो त यसका विभिन्न नामहरू प्रसिद्ध रहेका छन्– देवाट, देवतीर्थ, देवघट्ट, देवहृद, सिद्धाश्रम, हरिहरक्षेत्र आदि । साथमा यसलाई प्रयागको नामले पनि सम्बोधन गरिन्छ । प्रयागको नामले ख्याति प्राप्त गरेको शास्त्रमा प्रमाण उपलब्ध भएको हुनाले देवघाटमा कुम्भपर्वको आयोजना गरिनु पर्ने कुरामा सन्देह रहँदैन । यहाँ

साक्षात् भगवान् शङ्कर आफ्ना गणसहित निवास गर्नुहुन्छ भन्ने प्रमाण पनि मिल्दछ ।

देवदेवः स्वयं तत्र प्रमथैः सह तिष्ठति ।
देवतीर्थमिति प्रोक्तं तस्मात्सर्वफलप्रदम् ॥
पृथिव्यां यानि तीर्थानि सन्ति पुण्यप्रदानि च ।
कोटिकोटिगुणं तेभ्यः स्नात्वा तत्र प्रलभ्यते ॥

यस पवित्र देवघाटधामको संगममा स्नान गर्नाले मानवले कोटिगुणाधिक फल प्राप्त गर्दछ । प्रत्यक्षरूपमा कृष्णगण्डकीको जल कदापि विकारयुक्त हुँदैन । कीरा, प्रदूषण तथा दुर्गन्ध पनि उत्पन्न हुँदैन । यसको कारण केवल परब्रह्मस्वरूप श्रीशालग्राम नै हो । कृष्णगण्डकीको गर्भमा सर्वदा शालग्राम निवास गर्नुहुन्छ ।

शालग्रामशिलारूपी तव गर्भगतः सदा ।
स्थास्यामि तव पुत्रत्वे भक्तानुग्रहकारणात् ॥
शालग्रामस्य संस्पर्शः कोटियज्ञफलप्रदः ।
मरणं तत्समीपे तु काशीतुल्यफलं लभेत् ॥

परब्रह्मस्वरूप श्रीशालग्रामको स्पर्श, दर्शन, सेवन, गर्नाले जीवात्मा मोक्षमार्गमा आरूढ हुन्छन् । साथमा शालग्रामको चरणोदक पान गरियो भने कदापि अकाल मरण हुने छैन । त्यसैले देवघाटको संगममा स्नान गर्नाले अवश्य नै मनुष्यको परम कल्याण सुनिश्चित हुन्छ । किनकि यस भूमिको कण कणमा भगवान् शङ्करको वास रहेको हुन्छ । भनिएको पनि छ –

नेपाले यच्छिवस्थानं समस्तसुखवल्लभम् ।
तेभ्यस्तेभ्यश्च स्थानेभ्यस्तीर्थेभ्यश्च विशेषतः ॥
महादेवजटाजूटान्नीलकण्ठाच्छिवालयात् ।
श्वेतग ेति या प्रोक्ता तया संभूय सादरम् ॥
नाना नद्यः समायाता दृश्यादृश्यतया स्थिताः ।
गण्डक्या कृष्णया चैव या कृष्णस्य तनूद्भवा ॥
त्रिशूलग ेत्याख्याता साऽपि तत्र महानदी ॥

जो मनुष्यले नेपाल भूमिमा जन्म लिएर देवघाटमा साधना गर्दछ भने यो लोकको सम्पूर्ण सुखको भोग गरी उत्तम लोकलाई अवश्य प्राप्त गर्दछ, किनभने अन्य तीर्थभन्दा उत्तम फल देवघाटधामको संगममा स्नान गर्नाले प्राप्त हुन्छ । भगवान् शङ्करको त्रिशूलबाट त्रिशूली गङ्गा र साक्षात् ब्रह्मकुण्ड (मानसरोवर) बाट कृष्णागण्डकीको उत्पत्ति भई देवघाटधाममा दुबैको मिलन हुन्छ । संगममा स्नान गर्नाले मनुष्य पापरहित भई परमपद प्राप्त गर्न सफल हुन्छ । स्कन्दपुराणमा भनिएको छ–

निर्मुक्तः सर्वपापेभ्यो गिर्यारोहणमात्रतः ।
प्रेक्ष्यः सरो बुधो दिव्यं मनः कामंध्रुवं लभेत् ॥
कदाचिदैवयोगेन भक्त्यात्र स्नाति यो जनः ।
जपार्चनप्रसक्तस्य तस्य पुण्यफलं महत् ॥
उत्तीर्य दुःखसंसारे सर्वजन्म विहाय च ।
गर्भावासं महत् कष्टं व्रजेत्तु परमं पदम् ॥

सम्पूर्ण देवक्षेत्रहरूमा पवित्रतम धामको रूपमा यस देवघाटधामलाई स्वीकार गरिन्छ । जसरी प्रयागराजमा गङ्गा र यमुनाको संगममा भव्य कुम्भपर्वको आयोजना हुने गर्दछ । यसैगरी देवघाटधामको भौगोलिक तथा धार्मिक परिवेश पनि कुम्भपर्वको आयोजनका लागि अनुकूल रहेको देखिन्छ । किनभने समुद्रमथनको घटना नेपालभूमिमा नै भएको प्रसङ्ग मिल्दछ । त्यसैलाई आधार बनाएर बराहक्षेत्र चतराधाममा जगद्गुरू बालसन्तजी महाराजले पनि कुम्भपर्वको आयोजना प्रारम्भ गर्नुभयो । स्कन्दपुराणलाई आधार मानेर भव्य कुम्भपर्वको आयोजना विगत २०–२२ वर्षदेखि भैरहेको छ ।

भगवान् श्री पिण्डेश्वर साक्षात् महादेवको प्रतिमूर्तिका स्वरूपमा रूद्राक्षारष्यमा रहनुभएको छ, जसलाई विजयपुरको नामले पनि सम्बोधन गरिन्छ । कोकाहा र सप्तकौशिकीको संगमलाई सर्वोत्तम तीर्थको रूपमा मानिएको छ । जसमा अर्यमादि पितृहरूको उद्धारार्थ तर्पण गरिएको थियो । भगवान् श्रीवाराहको तलहटीमा अवस्थित यो पवित्रतम संगमतीर्थमा पितृतर्पण गर्नाले २१ कुलको उद्धार हुन्छ । यसको महत्त्वलाई आत्मसात् गर्दै प्राचीनकालमा देवताहरूद्वारा चैत्रमासमा एकमास पर्यन्त कल्पवास बसी श्रीसप्तकौशिकीको जल भगवान् श्रीपिण्डेश्वरलाई अर्पण गरेको प्रमाण प्राप्त हुन्छ, त्यो परम्परा बीचमा विच्छिन्न भयो । परन्तु कालान्तरमा पूर्वप्रधानमन्त्री स्व. नगेन्द्रप्रसाद रिजालको संकल्पलाई जगद्गुरू बालसन्तमहाराजले कुम्भको सफल आयोजना गरी साकार तुल्याउनु भयो ।

देवघाटधामको परिवेशलाई अवलोकन गर्दा पनि आदिप्रयागको स्मरण हुन्छ । यहाँ पनि प्रयागमा भै

आध्यात्मिकता परिपूर्णरूपमा रहेको छ । किनभने देवघाटको महत्त्वलाई नजिकबाट अवलोकन गर्ने अवसर मैले प्राप्त गरेको छु । सन् १९७७ अगस्त महिनादेखि १९७८ जुलाई महिनासम्म देवघाटस्थित गलेश्वर बाबाआश्रमद्वारा सञ्चालित वेदवेदाङ्ग विद्यापीठ एवम् श्रीलक्ष्मीनारायणमन्दिरमा श्रीस्वामीजनार्दनाचार्यज्यूका साथमा अध्ययन तथा सेवा गर्ने अवसर प्राप्त गरेको हुनाले देवघाटधामको माहात्म्य यत्किञ्चित् रूपमा जान्ने अवसर प्राप्त भएको थियो ।

कुम्भपर्वको आयोजनको निम्ति सम्पूर्ण हिन्दूसमाजमा ऐक्यमत हुन आवश्यक छ । जबसम्म एकमत भएर कार्य गरिन्न, तबसम्म कुम्भपर्वको आयोजना गर्न कठिन पर्दछ । आफ्ना नीजी स्वार्थलाई त्यागी, केवल धर्मको उन्नति र राष्ट्ररक्षालाई केन्द्रमा राखी डटेर कार्यमा लागिदैंन तबसम्म कुम्भादि पर्वको आयोजन गर्न पग-पगमा कठिनताले अल्भाउने छ । यदि आफ्नो आफ्नो सम्प्रदायको मात्र हित सोच्ने हो भने कदापि विशालतम कुम्भपर्वको आयोजना असम्भव छ ।

त्यसैले सम्पूर्ण जनमानसमा म निवेदन गर्न चाहन्छु कि देवघाटक्षेत्रको विषयमा विद्यावारिधि गर्नुहुने तथा यसको सांस्कृतिक महत्त्व स्थापित गर्नको लागि अहर्निश प्रयत्नशील रहनु हुने आदरणीय डा. नारायणाचार्य देवबाबालाई सहयोग गर्नुहुनेछ, प्रचार-प्रसारादिकार्यमा भौतिक तथा आर्थिक रूपले सहयोग गर्नुहुनेछ, अनि मात्र यो धार्मिक जागरणको अभियान सफल हुनेछ । अन्तमा, देवबाबाज्यूलाई यस कर्ममा अझै दृढताका साथ प्रयत्नशील रहनु हुनका लागि कोटिशः शुभकामना दिदै उहाँको यो कर्म सफल होस्, यसका माध्यमले नेपाली एवम् समस्त हिन्दु जनमानसमा एकताको बीजारोपण हुन सकोस् ।

वर्तमानसमस्यानां समाधानाय सर्वतः ।
कार्याणि शुभकार्याणि धर्मरक्षापरायणैः ॥
देवघट्टस्य माहात्म्यं सर्वशास्त्रेषु गीयते ।
शालिग्रामशिला यत्र लभ्यते विश्वपूजिता ।
अतः सर्वैः जनैर्नूनं मिलित्वा लोकहेतवे ।
नेपालतीर्थरक्षार्थं यतनीयं मुदान्वितैः ॥
भेदवादांस्तिरस्कृत्य राष्ट्ररक्षार्थमुद्यतैः ।
नूनं यत्नो विधातव्य इति मे विनिवेदनम् ॥ ❖



(तुलनात्मक धर्मदर्शन विभाग, सम्पूर्णानन्दसंस्कृत विश्वविद्यालय, वाराणसीका पूर्व अध्यक्ष एवम् सम्पूर्णानन्द संस्कृतविश्वविद्यालय, अनुसन्धान संस्थानका पूर्व निर्देशक डा. हरिप्रसाद अधिकारीको यस आलेख डा. नारायणाचार्य 'देवबाबा'को प्रधानसम्पादकत्वमा देवघाट विकास केन्द्रद्वारा प्रकाशित 'आदिप्रयागः एक अध्ययन' द्वितीय कुम्भस्मारिकाबाट साभार गरिएको हो ।)

सूचना

जन्म, विवाह, बसाइसराई, सम्वन्ध विच्छेद, मृत्युलगायतका व्यक्तिगत घटना ३५ दिनभित्र वडा कार्यालयमा दर्ता गरी प्रमाणपत्र लिने गरौं ।

का.म.पा. वडा नं. १८

नरदेवी, काठमाडौं

गौरी मासिक पूर्णाङ्क २२२:
एक पाठकको पाठकीय विश्लेषण

–गोकुल अधिकारी

(गौरी मासिकको पूर्णाङ्क २२२ अध्ययन गरेपश्चात यसमा प्रकाशित सामग्रीमाथि सूक्ष्म ढंगबाट अध्ययन गरी गहन पाठकीय विश्लेषण प्राप्त भएकाले त्यसलाई प्रिय पाठकका तर्फबाट पत्रिकालाई प्राप्त मार्गदर्शन मान्दै त्यसको प्रकाशन गरिएको छ / सं.)

सम्पादकीय पृष्ठभन्दा अगाडि (बायाँभागतर्फ) श्रीमद्‌भागवत महापुराण, अविच्छिन्न २१० भन्ने शीर्षकमा अघिल्लो अंकबाट क्रमशः भन्दै उल्लेख गरेर क्रमशः भनेरै टुंग्याइएको छ । भागवतको द्वादशस्कन्धका केही प्रसंगहरू त्यहाँ उल्लेख गरिएको रहेछ । यस २१० श्रृङ्खलामा दुईवटा उपशीर्षक रहेका छन् । पहिलो भगवान् श्रीकृष्णको स्वधामगमन र अर्को महाराज परीक्षितको परमगति ।

भगवान् श्रीकृष्णको स्वधामगमन उपशीर्षकभित्र भगवान् श्रीकृष्णले आफ्नो प्राकट्यको सबै उद्देश्य पुरा गसिक्नुभएर उहाँ यस धराधमबाट आफ्नो लोक जानेबेलामा उहाँका पाउमा एक व्याधाको तीर लागेको अमृतकथाको प्रसंग रहेछ । भगवान्‌ले ती व्याधाको अपराधलाई माफी गरिदिनुभएको अनि भगवान्‌ले आफ्ना सारथी दारूकलाई तुरून्तै द्वारिका गएर म स्वधामगमन भएको सूचना दिनु, मेरो स्वधामगमनपश्चात समुद्रले त्यस नगरीलाई डुवाउने भएकाले मेरा बृद्ध मातापितालाई लिएर संरक्षणका लागि इन्द्रप्रस्थ जानू आदि आदि मार्गदर्शन गर्नुभएको एकादशस्कन्धको कथासार रहेको छ ।

यसैगरी महाराज परीक्षितको परमगति भन्ने अर्को उपशीर्षकमा शुकदेव मुनीले परीक्षितलाई भागवतको कथा श्रवण गराइसकेपछि तिम्रो मृत्युको समय नजिक आइरहेकाले आफ्नो हृदयमा श्रीकृष्णलाई आसिन गराइरहनू भनेको प्रसंग, परीक्षितले शुकदेवको विधिवत पूजा गरी उनलाई विदा गरेको अनि परीक्षित परमात्माको चिन्तनमा ध्यानमग्न भएर ब्रह्मस्वरूप भएको आदि कथासार यस उपशीर्षकमा प्रस्तुत गरिएको छ ।

सम्पादकीयतर्फ

यसपछिको पृष्ठ अर्थात् सम्पादकीय पृष्ठमा कार्तिक शुक्ल षष्ठीको दिन मनाइने छठ पर्व केही वर्ष अघिसम्म तराईका जिल्लामा बस्ने सीमित समुदायले मात्र मनाइ आएकोमा यो धार्मिक उत्सवको अभ्यास उपत्यका लगायतका क्षेत्रमा व्यापक हुँदैगएको, यसबाट सूर्य सारा मानवजातिको साझा देवता भएको सन्देश प्रवाह भएको र यो पर्व राष्ट्रिय पर्व हुनगएको, सूर्यको र जलको महत्त्वमा केन्द्रित यो पर्वका कारण नदी पोखरी लगायतका जलाशयहरूमा सरसफाई गरिने र ब्रतालुका परिवारमा खानपिन र सोच चिन्तन सात्विक रहने अनि सामाजिक सद्‌भाव बढाउने काममा पनि यो पर्वले योगदान पुऱ्याएको कुरा सम्पादकको कलममार्फत प्रवाह भएको छ ।

लेख रचनाका स्वरूपहरू

यो पूर्णाङ्क २२२ मा सम्पादकीय र धार्मिक समाचारबाहेक कुल ११ थान लेख रचनाहरू समावेश छन् । पत्रिकाको अग्रभागमा रहेको श्रीमद्‌भागवत महापुराणको श्रृङ्खलालाई भने लेखरचनाको रूपमा समावेश नगरी भित्री पृष्ठको वायाँतर्फ विषय सूची र सम्पादकीयभन्दा पनि अग्र भागमा विशेष सामग्रीको रूपमा प्रस्तुत गरी कुल १० थान लेखलाई मात्र लेखसामग्रीको रूपमा समावेश गरेको देखिन्छ ।

यी दश थान लेखरचना मध्ये कविता एक थान, श्रृङ्खलाबद्ध लेख तीन थान (केशवशरणको र भागवतको रामकृष्ण वचनामृतबाट साभार पेज ७) विभिन्न लेखकबाट प्राप्त सामग्री लेख सामग्री ६ थान (चिन्तामणि योगी पेज १०), विनुवावा अर्याल (पेज १३), वेदप्रसाद पन्त (पेज १७), उद्धव भटराई (पेज २३), मायादेवी शर्मा (पेज २९), हरि सोडारी (पेज ३१) रहेका छन् । यसैगरी एक थान साभार गरिएका लेख रहेको छ (अखण्डज्योतिबाट पेज २६, तर त्यसको कुन अंक भन्ने राखिएको छैन ।) यसबाहेक कात्तिकको पात्रो अनि कात्तिक महिनाका पर्व तथा विदाको अलग्गै सूची पनि पत्रिकाको अग्र पेजमा उल्लेख गरिएको छ ।

आवरणतर्फ

अंक २२२ को आवरणमा स्याङ्जा र पाल्पा जिल्ला भएर बग्ने उत्तरबाहिनी कालीगण्डकी, मालुंगाको तस्वीर रहेको छ । यसरी कालीगण्डकीजस्तो पवित्र नदी वहेको तस्वीरले यो अंकको आवरण सजिएको देखिन्छ ।

रचना १

विषयसूचीभित्रको सबैभन्दा पहिलो रचनाको रूपमा कविता समावेश गरिएको छ । बृन्दावन भारतका स्रष्टा मनोज भण्डारीको उक्त कविताको शीर्षक के ईश्वर छ ? भन्ने रहेको छ । ईश्वरको अस्तित्वलाई नस्विकार्ने समाजका केही नास्तिक प्रवृत्तिका मान्छेप्रति लक्षित उक्त कविताले हामीभित्रका भौतिक आँखाले देख्न नसकिएका चिजवस्तुहरूलाई गलत र काल्पनिक भनिहाल्न नमिल्ने भाव राम्रोसँग प्रकट गरेको छ । उक्त कविता छन्दका पारखी र कुशल साहित्यिक स्रष्टाबाट सिर्जित रचना हो भन्ने कुरा तलका यी दुई पङ्तिबाटै मात्र पनि प्रष्ट हुन्छ ।

माटो अन्न बन्यो त्यही रस बन्यो आयो त्यहीँ जीवन

को जादूगरले गई भरिदियो आमाहरूको स्तन

रचना २

यो अंकभित्र दोस्रो रचना कर्मयोग भन्ने शीर्षकमा रहेको छ । आचार्य खेमराज केशवशरणको यो रचना उहाँको गीताको भावार्थचन्द्रिकाबाट लिइएको रहेछ । यो रचना आचार्यज्यूको पारिवारिक स्रोतबाट प्राप्त गरी श्रृङ्खलाबद्धरूपमा साभार गर्ने गरिएको भनी उल्लेख भएको देखिन्छ । गौरीका अंकैपिछे श्रृंङ्खलाबद्धरूपमा प्रस्तुत गर्ने गरिएको भावार्थचन्द्रिकाको यस श्रृङ्खलामा गीताको तृतीय अध्यायमा रहेका कर्मयोगका विषयलाई आचार्यले नेपालीमा अनुवाद गरी व्याख्या गर्नुभएको देखिन्छ । यस श्रृंखलाको सबैभन्दा सिरानको श्लोकमा भनिएको छ ।

यज्ञार्थात्कर्मणोन्यत्र लोकोयं कर्मबन्धनः

तदर्थ कर्म कौन्तेय मुक्तसंग समाचर (९)

“भगवत् सेवारूप यज्ञको निमित्त बाहेक अरू किसिमले कर्म गर्दा यो सम्पूर्ण संसार कर्मबन्धनमा जेलिन पुग्छ । हे कुन्तीपुत्र अर्जुन, तिमी अनासक्त भएर यज्ञको निमित्त कर्म गर ।”

रचना ३

तेस्रो रचना सिंतीको ब्राह्म समाजमा भन्ने शीर्षकमा रहेको छ । यो लेख रामकृष्ण वचनामृतबाट प्रा.डा. शंकरराज पन्तले अनुवाद गर्नुभएको भनी उल्लेख गरिएको छ । यसमा सन् १८८४को कालीपूजाको दोस्रो दिन (कार्तिक शुक्ल प्रतिपदा) मा ब्राह्मसमाजको अधिवेशनमा रामकृष्णले व्यक्त गर्नुभएको केही दिव्य वाणीहरू प्रस्तुत गरिएको छ ।

रचना ४

मोक्ष चिन्तन, धर्म चिन्तन, लक्ष्य चिन्तन शीर्षकमा डा. चिन्तामणि योगीको यस लेखमा अहिले समाजमा अधिकांश मान्छे धर्मविमुख हुँदै तामसी जीवन बिताउन थालेका अनि सहि बाटोमा लाग्न खोज्नेहरू पनि धर्मको मर्म बुझ्न नसक्दा अलमलमा परेको कुरा उल्लेख गरिएको छ ।

मुक्तिको कुरा गर्दा हाम्रा ऋषिमुनिहरूका दिव्य सन्देशले विषयहरूलाई त्याग गर मात्र भनेको छ । व्यक्तिविशेषलाई अनि समाज र राष्ट्रलाई त्याग गर भनेको छैन, आफ्नो दायित्व र कर्तव्यलाई त्याग गर भनिएको छैन, मात्र विषयवासनालाई त्याग भनिएको छ, त्याग व्यक्तिवादिताको हो, अहंकारको हो, मुक्तिको नाममा घरपरिवार छाडेर वा सामाजिक दायित्वबाट अलग्गिएर बस भन्न खोजिएको होइन । यही गलत बुझाइका कारण हामी सनातनी र गीताका मार्गदर्शनमा हिँड्नेहरूलाई संसर बुझेका प्रगतिशील हौं भन्नेहरूले होच्याउने गर्छन् । यसरी गिज्याउनेहरूप्रतिको सटिक उत्तर पनि हो जस्तो लाग्छ लेखक चिन्तमाणिका यस लेखभित्रका माथि उल्लेखित हरफहरू ।

रचना ५

पाँचौ रचनाको रूपमा गोरक्षा एवम् गो संबर्द्धन शीर्षकमा डा. विनुबाबा अर्यालको लेख रहेको छ । विगत केही समययता हामी गौरक्षक सनातनीहरूलाई सोझै प्रहार गर्नेगरि गौहिंसा गर्नेहरू उदण्डरूपमा प्रस्तुत भएका र त्यसका विरूद्ध गाईलाई माता सरह मान्नेहरू एकजुट भएर प्रतीकार गर्नुपरेको आलो घटनाले गाईको रक्षा एवं संबर्धन कसरी गर्ने भन्ने चुनौती थपिएको अवस्था छ । त्यसैले पनि गौमाताको रक्षासँग सम्बन्धित यस्ता खोजपूर्ण लेख महत्त्वपूर्ण पाठ्यसामग्रीको रूपमा रहेको देखिन्छ । लेखकले गाई मात्र नभएर ग भन्ने अक्षरसँग जोडिएको हिन्दु धर्मका चार आधारस्तम्भहरू गाई, गंगा, गीता र गायत्री बारे पनि उल्लेख गर्नुभएको छ ।

“रामलक्ष्मणयोः राजन् गोदानं कारयस्व ह पितृकार्य च

भद्र ते ततो वैवाहिकं कुरु" (वाल्मिकी रामायण १।७१।२३) । गोदान र पितृकार्य गरेर मात्र विवाह कर्म गर्नु भनी गुरूको आज्ञा भएपछि रामलक्ष्मणले पनि गोदान गर्नुभएको वाल्मिकी रामायणको प्रसंगलाई पनि लेखकले यस लेखमा साभार गर्नुभएको छ । यसैगरी "यदि नो गां हंसि यद्यश्वं यदि पुरुषम् , तं त्वां सीसेन विध्यामो यथा नोसो अबीरहा" (अथर्ववेद १।१६।४) उल्लेख गर्दै गाईलाई हिंसा गर्नेहरूप्रति आफू पनि जाइलाग्नुपर्ने सन्देश अथर्ववेदले दिएको कुरा लेखकले यस लेखमा उल्लेख गर्नुभएको छ । "तौ वत्स पालकौ भूत्वा सर्वलोकैक पालकौ, सप्रातराशौ गोवत्सांश्चारयन्तौ विचेर तु" (भागवत १०।१५।१) कृष्ण बलराम बिहानैदेखि गाईवाच्छा चराउदै हिँड्नुभएको भागवतको कथा प्रसंगलाई पनि माथिको पंक्तिबाट प्रस्तुत गर्नुभएको छ लेखकले ।

यसैगरी गाईलाई नमन गर्ने प्रदक्षिणा गर्ने गरेमा पृथ्वीकै प्रदक्षिणा गरे समान हुन्छ भनेर बृहत्पराशरस्मृतिमा उल्लेख भएको कुरा लेखकले साभार गर्नुभएको छ । "संस्पृशन् गां नमस्कृत्य कुर्यात् ताञ्च प्रदक्षिणम् ।
प्रदक्षिणीकृता तेन सप्त द्वीपा वसुन्धरा ॥" यसैगरी पद्म पुराणमा उल्लेखित गोमूत्रम् गोमयं क्षीरं दधि सर्पिष्च रोचना ..षडं परमं पाने दुःस्वप्नाद्यादिवारणम् गोमूत्र, गोबर, दुध, दही, घिउ र रोचना यी वस्तु पान गर्नाले दुस्वप्नको फल नाश हुनेछ । पद्मपुराणको अर्को श्लोक "परगोग्रासदः स्वर्गी गोहितो ब्रह्मलोकभाक्, गोदानात् कीर्तनाद्रक्षां कृत्वा चोद्धरते कुलम्" (पद्मपुराण) अरूले पालेको गाईलाई गाँस दान गर्दा पनि स्वर्ग प्राप्त हुन्छ । गाईको हित गर्नाले ब्रह्मलोकको भागीदार भइन्छ । गाईको रक्षा गौदान र गाईको गुणगान गरेमा समग्र कुलको नै रक्षा हुन्छ भन्ने भावार्थसहित लेखकले उल्लेख गर्नुभएको छ ।

यसैगरी विष्णुधर्मोत्तर, हठयोगप्रदीप, अथर्ववेद लगायतका धेरै धर्मग्रन्थहरूमा उल्लेखित गाईको महत्त्वसम्बन्धी श्लोकहरू उद्धरण गरी लेखकले आफ्नो लेख एवम् विचारलाई बढीभन्दा वढी प्रमाणिक र शास्त्रमा उल्लेखित विषयको रूपमा प्रस्तुत गर्नुभएको देखिन्छ । यसैगरी ब्रजभूमिमा नन्दबाबासँग ९ लाख मात्र गाई रहेको तर राधाका बुबा बृषभानुसँग १० लाख गाई रहेकाले उहाँलाई धनी मान्ने गरिएको कुरा गर्ग संहिताको गोलोक खण्डमा लेखिएको कुरा उल्लेख गर्दै गौसेवा र गोरक्षविना विश्वको मंगल हुन नसक्ने निश्कर्षका साथ यो लेखलाई टुंग्याइएको छ ।

रचना ६

उत्तरगंगा मालुंगा शीर्षकमा वेदप्रसाद पन्तको लेख रहेको छ । उत्तरबाट दक्षिणतर्फ बग्दैआएकी गण्डकी फनक्क घुमेर पाल्पा र स्याङ्जा जिल्लाको भूभाग भएर तीन किलोमिटरजति उत्तरतर्फ बगेको अद्भूत दृश्यको वर्णनमा यो लेख केन्द्रित छ । यो क्षेत्र गल्यांङ नगरपालिका १ र पाल्पाको रम्घा गाउँपालिका १ स्थित असेर्दीको बीचमा पर्ने कुरा लेखकले उल्लेख गरेका छन् ।

प्राकृतिक छटाको दृश्यावलोकनको वर्णनले मात्र यी लेखकको कलमले शान्ति पाएनछ । त्यसैले यो स्थानको धार्मिक महत्त्व के रहेछ भनेर स्कन्द पुराण (१४५/५), आनन्द रामायण (स. ११/१, २६, २७, २८) अध्यात्म रामायण, वृहन्नारदीय पुराण (पू.ख. ५०/५४ र ६९, ७०) आदिमा उल्लेखित यो तीर्थको महत्त्वसँग सम्बन्धित विभिन्न श्लोकहरू समेतलाई साभार गर्दै यो स्थान जप तप र सिद्धि प्राप्त गर्न जानैपर्ने महान् तीर्थ हो भन्ने निश्कर्षका साथ उक्त भूभागको महिमागान गर्दै लेखकले यो लेखलाई टुंग्याएका छन् ।

रचना ७

महर्षि महेश योगी शीर्षकमा उद्धबप्रसाद भट्टराईको लेख रहेको छ । यस लेखमा महर्षि महेश योगी आध्यात्मिक ज्ञान, योगसाधना र वैदिक शिक्षाको क्षेत्रमा विशेष योगदान गर्ने व्यक्तित्व हुनुभएको कुरा लेखकले उल्लेख गरेका छन् । शंकराचार्य श्री ब्रह्मानन्द सरस्वतीबाट दीक्षा लिनुभएका महर्षि योगीले भावातीत ध्यानको विषयलाई भारतबाट उठान गर्दै समग्र विश्व समुदायमा कसरी पुऱ्याउनुभयो भन्ने कुरा यो लेखमा उल्लेख गरिएको छ । यसैगरी महर्षि पतञ्जलीले दिनुभएको भावातीत ध्यानसाधनालाई केही परिमार्जन गरी महर्षि योगीले विश्वभर यसलाई फिजाउनुभएको कुरा लेखकले उल्लेख गरेका छन् ।

रचना ८

दियोले नै दियो जलाउनुपर्छ भन्ने शीर्षकको यो लेख अखण्डज्योति हिन्दी संस्करणबाट अनुदित भनी उल्लेख गरिएको छ । कार्तिक कृष्ण औंसीको रात महालक्ष्मी स्वयं पृथ्वीलोकमा आई हरेक गृहस्थीको घर अवलोकन गर्नुहुने कुरा ब्रह्मपुराणमा उल्लेख भएको भनी यस लेखमा बताइएको

छ । यसैगरी यस दिन भगवान् राम वनवास समाप्त गरी अयोध्या आइपुग्नुभएकोले उक्त दिन अयोध्यामा दीपमाला सजाएर आगमनको उत्सव मनाइएको, अर्को एक कथन अनुसार समुद्रमथन गर्दा यसै दिन क्षीरसागरबाट लक्ष्मीमाता प्रकट हुनुभएको, यसै दिन यक्षले कुबेरका साथ उत्सव मनाउनेगरेको र हिमाञ्चल प्रदेशका आदीवासीहरूले यस दिन यक्षको पूजा गर्नेगरेको, स्वामी रामकृष्ण परमहंसलाई यसै दिन कालीले साक्षात् दर्शन दिनुभएको भन्दै बंगाली समाजमा यस दिन कालीको विशेष पूजन हुनेगरेको आदि कुराहरू यस लेखमा उल्लेख गरिएको छ ।

अखण्डज्योति भारतको हरिद्वारस्थित शान्तिकुञ्जबाट प्रकाशित हुने प्रतिष्ठित धार्मिक पत्रिका हो । यदी सोही पत्रिकाबाट साभार गरिएको भए कुन अंकबाट हो त्यो पनि उल्लेख भएको देखिँदैन । यसैगरी अखण्डज्योतिको हिन्दी संस्करणबाट अनुदित भनिएको छ तर अनुवादकको नाम भने उल्लेख गरिएको देखिँदैन ।

रचना ९

नवौ रचना धार्मिक आस्थासित जोडिएको बेल शीर्षकमा मायादेवी शर्माको लेख रहेको देखिन्छ । यो लेख एक कुशल साहित्यिक सर्जकद्वारा लेखिएको संस्मरण लेखको रूपमा रहेको छ । यस लेखभित्र साहित्यिक अभिव्यक्तिको सुगन्ध राम्रैसँग महकिएको पाइन्छ । एक साहित्यकार मित्र पाकेको बेल लिएर लेखकलाई भेट्न आएपछि लेखकले त्यसलाई भगवान्समक्ष भोग लगाई परिवारका सदस्यले प्रसादको रूपमा ग्रहण गरेपछि लेखक आफ्नो विगततर्फ फर्कदै उसबेलाका भोगाई र ग्रामीण परिदृश्यहरूलाई साहित्यिक शैलीमा पस्कदै लेखलाई सुन्दर साहित्यिक खुराकको रूपमा प्रस्तुत गरेको देखिन्छ । लेखकले बेलवृक्षहरूले भरिएको हराभरा भूगोलमा आफ्नो वाल्यकाल र विगत रहेको स्मरण यस लेखमा गर्नुभएको छ ।

रचना १०

दसौ लेखको रूपमा महादेवको वाहन नन्दी किन शीर्षकमा हरिप्रसाद सोडारीको लेख रहेको छ । नन्दी भनेको सामान्य गाई गोरूको सन्तान नभएर यिनी शिलाद ऋषिका पुत्र भएको, शिलादले महादेवलाई प्रसन्न तुल्याई मानसपुत्रका रूपमा शिवकै अंशस्वरूप नन्दीलाई प्राप्त गरेको, शिवालयमा नन्दीलाई पूर्व वा उत्तर मुख गराएर राख्नुपर्ने भनी शास्त्रमा उल्लेख गरिएको, शिवलिंग जुन पदार्थबाट बनाइएको हो त्योभन्दा पवित्र र वहुमूल्य पदार्थबाट नन्दीको निर्माण गर्न नहुने तर पशुपतिको शिवलिंग ढुंगाबाट बनेको नन्दीचाहिँ चाँदीबाट बनाइएकोले यो अनुसन्धानको विषयको रूपमा रहेको कुरा लेखकले यस लेखभित्र उल्लेख गरेका छन् ।

यसप्रकार गौरी मासिकको यो पूर्णांक २२२ खोजपूर्ण तरिकाले लेखिएका महत्त्वपूर्ण पाठ्य सामग्रीहरूले भरिपूर्ण रहेको देखिन्छ । ❖

-विराटनगर- ४, बरगाछी, मोरङ

हार्दिक समवेदना

जन्मः
१९९७/८/७

स्वर्गारोहणः
२०८१/७/२६

स्व. प्रेमानन्द वैद्य

कामपा- ३१ अम्बिकादेवी मार्ग निवासी; हाम्रा अग्रज, देशोद्वारपूजा सञ्चालक समितिका अध्यक्ष, समाजसेवी, संस्कृतविद् प्रेमानन्दवैद्यको असामयिक निधन भएको हुँदा उहाँको मृतात्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दछौं । साथै परिवारजन एवम् आफन्तजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामना गर्दै समवेदना प्रकट गर्दछौं ।

नरोत्तम वैद्य/अरूण वैद्य
एवम् समस्त वैद्य परिवार ।

अतिरूद्र विश्वकल्याण महायज्ञ सम्पन्न

नेपाल महर्षि वैदिक फाउण्डेसनद्वारा भृकुटीमण्डप काठमाडौंमा कात्तिक २१ गतेबाट २५ गतेसम्म अतिरूद्र विश्वकल्याण महायज्ञ आयोजना भएको छ । महायज्ञमा देशभरका करिव ९० गुरूकुलका ११११ जना युवा पण्डितलाई तिनका झण्डै १०० गुरूका साथमा ५ दिनसम्म बन्द शिविरमा राखेर अतिरूद्र महायज्ञ सञ्चालन गरिएको थियो । भृकुटीमण्डपको प्रदर्शनी हललाई करिब १३०० पण्डितको आवास बनाइएको थियो । भाषण र नाचगान गर्ने बगैँचामा बनेको यज्ञमण्डपले धेरै भक्तजनहरूको ध्यान खिचेको थियो । बाहिरी मण्डपमा वैदिक विज्ञान र आधुनिक विज्ञान विषयक सम्मेलन चलाइएको थियो । फाउण्डेसनका अध्यक्ष दीपकप्रकाश बाँस्कोटाका अनुसार सम्मेलनमा भारत सहित अन्य मुलुकका ५० भन्दा बढी वैज्ञानिक तथा अन्य विशिष्ट महानुभावहरूको सहभागिता थियो । योग र यज्ञले मानिस कसरी समृद्ध बन्छ भन्ने विषयमा विदेशी र स्वदेशी विद्वान्‌को प्रस्तुतिकरण थियो ।

गाईगोरू संरक्षण गर्न गोरक्षा महोत्सव

गाईगोरूको संरक्षण तथा सुरक्षाका लागि साझा सङ्कल्प गराउने उद्देश्यले झापाको सताक्षीधाममा 'गोरक्षा महोत्सव- २०८१' हुने भएको छ । गोलोक गोवर्धन गौशालाको मुख्य आयोजनामा यही मङ्सिर १४ देखि २४ गतेसम्म सताक्षी गोरक्षा महोत्सव २०८१ आयोजनाको तयारी तीव्र रूपमा भइरहेको गोलोक गोवर्धन गौशालाका संरक्षक आचार्य नन्दकिशोर भारद्वाजले बताउनुभयो । उहाँले भन्नुभयो, "महोत्सवको मुख्य उद्देश्य धेरैभन्दा धेरैलाई गाईगोरूको संरक्षणका लागि जागृत गराउने नै हो ।'

विगत १० वर्षदेखि सञ्चालित यस गोलोक गोवर्धन गौशालामा सात सयभन्दा बढी गाईगोरू रहेका छन् । अलपत्र छाडिएका, विरामी तथा अशक्त, बुढा भएर काम नलाग्ने भएपछि स्थानीयले ल्याएर राखेका गाईगोरूको संरक्षण गौशलाले गर्दैआएको छ । यसका साथै अति विपन्नलाई बाच्छाबाच्छी तथा दुहुनु गाई निःशुल्क पनि उपलब्ध गराउने गरिएको छ । भारद्वाजका अनुसार अहिलेसम्म २ हजारभन्दा बढी गाईगोरू स्थानीयलाई वितरण गरिएको छ । उनीहरूले अशक्त भएपछि ल्याउँदा तिनीहरूको संरक्षण पनि आफूहरूले गर्ने गरेको बताउनुभयो ।

शिवलिङ्गमा विशेष पूजाआर्चना हुने पनि आयोजकको भनाइ छ । रूद्राक्ष जडित शिवलिङ्ग निर्माण शुरु भएको आयोजक गोलोक गोवर्धन गौशालाका सचिव मदनमोहन अधिकारीले बताउनुभयो । सताक्षीधाम मन्दिर विकास समितिका पूर्वअध्यक्ष प्रसाद सुब्बाका अनुसार सताक्षीधामका लागि यी महोत्सव गौरवलायक हुने दाबी गर्नुभयो । महोत्सवसँगै धनधान्याञ्चल ज्ञान महायज्ञ, पञ्चकुण्डीय श्रीरूद्र महायज्ञ, श्री तुलसी शालिग्राम, श्री सीताराम विवाह तथा लिङ्ग महापुराण कथा प्रवचन हुने छ ।

पूर्वपश्चिम राजमार्गको झिलझिले बजारबाट साढे चार किलोमिटर उत्तर चुरेपहाडको फेदीमा धार्मिक तथा पर्यटकीय तीर्थस्थल सताक्षीधाम रहेको छ । महाभारतकालीन समयमा पाण्डवले वनवासका बेला गुप्तवास बसी सताक्षीदेवीको आराधना गरेका र पृथ्वीमा सुखा लागेपछि सतीदेवीले आफ्नो सय ओटा आँखाबाट एकैचोटि अनुवर्षा गरी खोलो बगाएको हुँदा देवीको नामबाट सतासी हुँदै यस क्षेत्रको नाम सताक्षीधाम रहन पुगेको किंवदन्ती छ ।

गौशालाको अक्षयकोषमा एकासी लाख

वालिङमा गौशाला व्यवस्थापनका लागि अक्षयकोष बनाइएको छ । वालिङ नगरपालिका-८ को काफलडाँडामा रहेको धुनी शिवालय गौशालालाई व्यवस्थापन गर्दै दिगो रूपमा सञ्चालनका लागि अक्षयकोषको स्थापना भएको छ । छाडिएका गाईगोरूलाई व्यवस्थापन गर्दै गौ संरक्षणका लागि शुरू गरिएको गौशालामा झन्डै १५० गाई छन् । गत २०७९ सालमा गरिएको महायज्ञबाट बचत भएको ८० लाख रूपैयाँ गौशालाको अक्षयकोषमा राखिएको हो । यसलाई बढाएर कम्तीमा एक करोड बनाउने योजना रहेको वालिङ नगरपालिकाका निवर्तमान प्रमुख दिलीपप्रताप खाँणले बताउनुभयो । अक्षयकोष बनाएपछि दिगो रूपमा गौ संरक्षण गर्न सहज हुने उहाँको भनाइ छ ।

पछिल्लो समय घर घरमा गाई पाल्ने अवस्था नरहेकाले गौशालामा रहेका गाईलाई आआफ्ना तर्फबाट संरक्षण गर्न सक्ने व्यवस्था मिलाइएको गौशालाका अध्यक्ष कमलप्रसाद सुवेदी बताउनुहुन्छ । उहाँका अनुसार एक

व्यक्ति एक गाई संरक्षण अन्तर्गत गौशालामा रहेको कुनै एक गाईलाई नियमित दाना र अन्य सहयोग गर्न सक्ने व्यवस्था मिलाइएको बताउनुभयो ।

स्वर्ण जयन्ती सम्पन्न

नेपाल वेद विद्याश्रम कार्तिक शुक्ल एकादशीबाट पचासौं वर्षमा प्रवेश गरेको छ । विद्यालयको वार्षिकोत्सव एवम् स्वर्ण जयन्तीका अवसरमा गत कात्तिक २७ गते विशेष समारोहको आयोजना गरिएको थियो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवम् पशुपति क्षेत्र विकास कोषका अध्यक्ष बद्री पाण्डेको प्रमुख आतिथ्यमा विद्यालय परिसरमा आयोजित उक्त समारोहमा पशुपति क्षेत्र विकास कोषका कोषाध्यक्ष नारायण सुवेदी, कार्यकारी निर्देशक सुभाषचन्द्र जोशी, महेश संन्यास आश्रमका पीठाधीश श्री १००८ स्वामी रमणानन्द गिरि, पूर्वमन्त्री बलबहादुर केसी, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्षद्वय घनश्याम कोइराला र रामप्रसाद दाहाल लगायतका विशिष्ठ व्यक्तित्वहरूको समुपस्थिति थियो ।

वैदिक शिक्षाको विकास र विस्तार गर्ने स्व. श्री ५ महेन्द्र सरकारको सत्सङ्कल्पलाई साकार पार्दै स्व. श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेवको निर्देशन बमोजिम २०३१/७/२२ गते हरिबोधनी एकादशी तिथिमा तत्कालीन बडामहारानी स्व. श्री ५ ऐश्वर्य राज्यलक्ष्मीदेवी शाहको शुभजन्मोत्सव पारी औपचारिक रूपमा नेपाल वेदविद्याश्रमको स्थापना गरिएको हो। विभिन्न आरोह अवरोह पारगर्दै अगाडि बढेको विद्यालयले वेद र कर्मकाण्ड लगायतका विभिन्न क्षेत्रमा आफ्नो प्रभुत्व जमाउँदै आइरहेको छ । संस्कृति मन्त्रालय अन्तर्गत रहेको पशुपति क्षेत्र विकास कोषद्वारा सञ्चालित यस विद्यालयलाई २०५६ सालमा गुठी संस्थानबाट हस्तान्तरण गरिएपछि कसैको पनि स्थायित्व नगरिनु प्रमुख समस्या हो ।

गङ्गाजमुना जात्रा सम्पन्न

गत कात्तिक शुक्ल एकादशी (हरिवोधनी एकादशी) बाट प्रारम्भ भएको धादिङको प्रसिद्ध गङ्गाजमुना जात्रा कात्तिक २७ गते प्रारम्भ भई २८ गते सम्पन्न भएको छ । एक हजार तीन सय वर्ष पुरानो इतिहास बोकेको उत्तरी धादिङको गङ्गा-जमुना गाउँपालिकामा लाग्ने यस मेलामा एकादशीको दिन बिहान गङ्गा-जमुनाको छहरामा स्नान गरी डोली तार्ने, बत्ती सेलाउने र पहरामा रहेको भगवान् गङ्गाजमुनाको दर्शन गरी फर्किने चलन छ । गङ्गा जमुना झरनासँगै रहेको कुकुर धारोमा नुहाउनेको पनि त्यहाँ घुइँचो लाग्छ । विशेषगरी वर्षभरि कुकुर वा अन्य कुनै जनावरले टोकेमा त्यसको दोष हराउने धार्मिक विश्वास रहेकोले कुकुर धारोमा नुहाउने चलन रहेको छ । मेला भर्न धादिङका विभिन्न स्थानका साथै छिमेकी जिल्ला रसुवा, नुवाकोट, चितवन, गोरखा, तनहुँ, कास्की, काठमाडौँलगायतका ठाउँबाट भक्तजन यहाँ आउने गर्छन् ।

गङ्गा र जमुना नाम गरेका दुई छोरी बेपत्ता भएको र परिवारले खोज्दै जाँदा गुफाभित्रबाट हामी यही सुरक्षित छौँ, हाम्रो यहीँ पूजापाठ गर्नुहोला भनेपछि उनै गङ्ग र जमुनाको सम्झनामा हरेक वर्ष गङ्गाजमुना माईको मेला शुरू भएको किम्बदन्ती छ ।❖

दायित्व वाङ्मय प्रतिष्ठानद्वारा आयोजित पुरस्कार समर्पण समारोहमा चूडामणि व्याकरण कोश पुरस्कार ग्रहण गर्नुहुँदै प्राज्ञ मुकुन्दशरण उपाध्याय । दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्तको सभापतित्व एवम् मन्त्री परिषद्का पूर्वअध्यक्ष तथा सर्वोच्च अदालतका पूर्व प्रधानन्यायधिश सम्माननीय खिलराज रेग्मीको प्रमुख आतिथ्यमा यही मङ्सिर १ गते आयोजित सो सम्मान समारोहमा डा. राजेन्द्र विमललाई शङ्कर कोइराला आख्यान पुरस्कार, प्रा. डा. अभि सुवेदीलाई कुमार सरस्वती पुरस्कार र प्रा.डा. गोविन्द भट्टराईलाई रामप्रसाद पन्त वाङ्मय पुरस्कार प्रदान गरिएको थियो । सो अवसरमा प्रतिष्ठानद्वारा प्रकाशित दायित्व पत्रिकाको १५० औं अंकका साथै अन्य विद्वान्हरूद्वारा लिखित विभिन्न चार कृतिको समेत लोकार्पण गरिएको थियो ।❖

आगो, हिटर वा गिजर प्रयोगमा होसियारी अपनाऔं !

- आगो वा हिटर नजिकबाट नतापौं,
- कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजिकै नराखौं,
- कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
- हिटरलाई समय समयमा बन्द गर्ने गरौं,
- आगो वा हिटर बन्द गरेरमात्र सुतौं,
- आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
- गिजरलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं,
- बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेसन खुला राखौं।

नेपाल सरकार
विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

अरुणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोबाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरूः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

हरि ॐ

श्री शिवशक्ति अतिरुद्री, शिवमहापुराण, हरिवंशपुराण, शतचण्डी एवम् श्रृङ्गारिक महाआरती -२०८१

निमन्त्रण

धर्म संस्कृतिको रक्षा होस्, शान्ति सुरक्षा कायम होस्, जनतामा सकारात्मक विचारको वृद्धि होस्, नेपाली समाजमा धार्मिक सहिष्णुता रहोस् भन्ने कामना गर्दै यहि मङ्सिर १७ देखि ३० गतेसम्म सञ्चालन हुने यस विराट महायज्ञमा धामका प्रधान संस्थापक, संस्थापक, आजीवन सदस्य, सदस्य तथा वार्षिक-मासिक मुष्ठीदान गर्नु हुने सम्पूर्ण शुभचिन्तक भक्तजनहरूमा हार्दिक निमन्त्रणा गर्दछौं । साथै यज्ञमा सरिक भइ आफ्नो तन मनले सहयोग गरी अनन्य पुण्य आर्जन गर्नुहुनु सादर अनुरोध गर्दछौं ।

कार्यक्रमहरूः-

- मङसिर १७ गते बिहान शोभा कलशयात्रा,
- प्रत्येक दिन बिहान ७ बजेदेखि पाठ पारायण,
- ११:३० देखि कथा प्रवचन, भजन-कीर्तन,
- दैनिक साझ ७ बजे श्रृङ्गारिक महाआरती एवम् भजन ।
- ३० गते समापन ।

उद्देश्य :-

- अपूर्ण गुरुकुल भवनलाई पूर्णता दिने ,
- पुस्तकालय तथा ICT Lab निर्माण गर्ने ,
- गुरुयोजना अनुसार निर्माण कार्यलाई अगाडि बढाउने,
- अव्यवस्थित गौशालालाई व्यवस्थापन गर्ने,
- बुटवललाई धार्मिक पर्यटकीय क्षेत्रमा विकास गर्न
- विशाल शिव प्रतिमा निर्माण गर्ने ।

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

हार्दिक निमन्त्रणा ॐ हार्दिक निमन्त्रणा

ऐतिहासिक श्री पशुपति कोटिहोम महायज्ञको उद्देश्य अनुरुप छोरीको घर ज्येष्ठ नागरिक आश्रमको शिलान्यास कार्यक्रममा दानवीर, शुभचिन्तक तथा आम श्रद्धालु भक्तसज्जनज्यूहरुलाई विशेष निमन्त्रणा गर्दछौं ।

कार्यक्रम मितिः– २०८१ मंसिर २१ गते बिहान ७ बजे
शिलान्यास कार्यक्रमः– बिहान ९:०० बजे देखि १०:०० बजे सम्म
कार्यक्रम स्थानः– चाँगुनारायण न.पा.–०९, ताथली, भक्तपुर

सम्पर्क सूत्र
९८५१३५७००७
९८०२३७००९३